## दुई शब्द

सर्वोच्च परमेश्वरलाई महिमा, पाठक वर्गमा हार्दिक जय मसिह । प्रस्तुत Heidelberg Catechism को नेपाली संस्करण हिन्दी संस्करणबाट अनुवाद गरिएको हो । यसर्थ कतिपय स्थानमा भाषामा अस्पष्टता र विषयवस्तु चाहे अनुरुप नबगेको हुन सक्छ यसकारण त्रुटि हुनसक्ने सम्भावनालाई मानिलिदै यसको अनुवाद गर्नको लागि अवसर तथा श्रोत जुटाई दिनुभएकोमा Brother Thomas Yeutter र दिदी Dipamaryar Yeutter लाई विशेष धन्यवाद दिदैं यसको प्रयोगले आधारभुत बाइर्वलिय ज्ञान दिने विश्वास लिएको छु ।

प्रभुको सेवामा

पाष्टर शद्रक तामाङ्ग
ट्रिनिटी ग्लोरी चर्च, लुम्बिनी, नेपाल

## HEIDELBERG CATECHISM (प्रश्नावली)

हाम्रो सिद्धान्तको दोस्रो मान्यता प्रश्नावली हो । जसलाई Heidelberg प्रश्नावली भनिन्छ । किनभने यो Heidelberg जर्मन Electorate को आदेशमा तयार पारिएको थियो । ताकि कालविनको सुधार त्यहाँ फैलिन सकोस, यसरी परिणाम स्वरुप एउटा नयाँ प्रश्नावली, Elector को मान्यता पाएर कालविनको लेखहरुलाई एकतृत गरेर १५६३ मा प्रकाशित भयो ।

नेदरलैडंमा heidelierg प्रनावली ,तत्काल peatru denthenus को प्रयासमा dutch भासामा अनुबाद गरियो ।1566 मा यसबाट प्रभाबित भई सुवीकार गरियो ,1566 मा petar gabrel द्वाराmostordom मा भण्डलीको अगी यसलाई ब्याख्या गरियोका 16अैं सताब्दीमानै national synod ले यसलाई स्वीकार गर्‍यो । यसरी सबै सेबकले यसलाई अपनाउनु प्रर्ने र मण्डलीमा यसको ब्याख्या गर्नु पर्ने आवश्यक भयो ।synod of dort ले1618-19 देखी अहीले सम्म यसलाई मसिह सँशोघीत मण्डलीमा लागु गरिआएको छ । आज पनि Heidelberg प्रनावली साघारणतया सबै संसोघित मन्डलीहरुमा स्वीकार गरिन्छ ।

HEIDELBERG CATECHISM ( प्रश्नावली)

### प्रभूको दिन -I

प्रश्न १: जीबन र मुत्यु , तिम्रो एकमात्र जिज्ञासा के हो ?

उतरः यो हो कि म शरिर र आत्मामा , जीबन मुत्यु दूबैमा आफु स्वयं को होइन तर विश्वास योग्य उदारकर्ता येशु महिहको हु जसले आप्नो बहमुल्य रगत दुारा मेरो पापको सबै मुल्य तिर दिनु भयो अनि मलाई शैतानको सामर्थबाट छूटकारा दिलाउनु भएको छ,। अनी मलाई सूरक्षीत राख्नू हुन्छ कि मेरो स्वर्गिय पिताको इच्क्षा बिना मेरो शिरको एउटा केश पनि झर्न सकदैन। हो सबै कुराहरु मेरो उद्धारमा सहायक (उपयोगि) छ, जसले पवित्रआत्मा द्धारा मलाई आनन्त जिवनको लागि आश्वस्त गर्नुहुन्छ र मलाई उहाँको निम्ती जिउनलाई इच्छा दिनु हुन्छ र तैयार गर्नुहुन्छ ।

रोमी १४: ६-९, १कोरिन्थी ६: १९-२० ,
१ कोरिन्थी ३: २३, तीतस २: १४
१ पत्रूस १: १८,१९, १ युध्न्ना २: १७, २: २,१२
युहन्ना ६: ३९, १०: २८, २९
२ थिस्लोनिकी ३:३, १ पत्रुस १:५
एफिसि १:१३, १४, रोमी ८: १६, रोमी ६:२२, ८:१
रोमीकश ८:२८, २ कोरिन्थी १:२२, ५:५,

प्रश्न २: तपाईलाई कति कुराहरु जान्नु आवश्यक छ, ताकि यस जिज्ञासा तसल्ली) मा आनन्दसित जिउन र मर्न सकियोस ?

उत्तरः तिन कुराहरुः- पहिलो-मेरो पाप र दुःख कति बढि छ , दाश्रो- मैलेकसरी आफ्नो पाप र दुःखबाट उन्मुक्ति पाएको छु , तेश्रो-म परमेश्वरलाई यस छुट्काराको लागि कसरी धन्यबाद दिन्छु ।

मती-११:२८, एफिसी ५;८ युहन्ना ९:: ४१, मत्ती ९:१२,रोमी ३:१०,१९, प्रेरित ४:१२, १०:४३, एफिसी ५:८-१० भजन संग्रह ५०:१४ रोमी ६: ११-१३, २ तिमोथी २:१५ रोमी ७: २४-२५, गलाती ३:१३, कलस्सी ३:१७ लुका २४:४७, १ कोरिनथी ६: १०- ११, पत्रुस २:९-१२

## पहिलो भाग

## पाप र दुःख

## प्रभुको दिन-ii

प्रश्न ३ कहाँबाट तपाई पाप र दुःखको थाहा पाउनु हुन्छ ?

उत्तर परमेश्वरको व्यवस्था द्धारा ।

रोमी ३:२०, ६:६

प्रश्न ४ परमेश्वरको व्यवस्थाले हामीबाट के चाहन्छ ?

उत्तरः येशु खिृष्ट साराँशमा सिकाउनु हुन्छ, मति २२:३७-४० तैले परमप्रभु आफ्ना परमेश्वरालाई आफ्नो सारा हुदयले र आफ्नो सारा प्राणले,आफ्नो सारा समजले प्रेम गर्नु । महान र प्रमुख आज्ञा यहि हो । दोस्रो पनि त्यस्तै छ तैले आफ्नो छिमेकिलाई आफैलाई जस्तै प्रेम गर्नु । सारा व्यवस्था र अगमवक्ताहरुको शिक्षाको आधारनै यी दुई आज्ञा हुन् ।

ब्यवस्था ६:५, लेवी १९:१८, मर्कुस १२:३० लुका १०:२७, मती २२:३७- ४०, गलाती ५:१४

प्रश्न ५: के तपाई यसलाई पुर्ण सिद्ध रुपले पुरा गर्न सक्नु हुन्छ ?

उत्तर कदापी सक्दिन । मेरो स्वाभाव द्धारा नै म परमेश्वर र आफ्नो छिमेकीलाई घृणा गर्दछु ।

रोमी ३:१०-१२,२३, १ युहन्ना १:८,१०, रोमी ८:७ यर्मिया १७:९, रोमी ७:२३

## प्रभुको दिन iii

प्रश्न ६: तब के परमेश्वरले मानिसलाई यति भ्रष्ट र तर्क रहित अनि पतित बनाउनुभयो ?

उत्तरः कदापि होइन तर परमेश्वरले मानिसलाई असल बनाउनु भयो । ताकि उसले आफ्नो सृष्टीकर्ता परमेश्वरलाई जान्न सकोस, हृदय द्धारा नै प्रेम गर्न सकोस ताकि उहाँसंग अनन्त आशिषमा रहदै उहाँको स्तुति र महिमा गर्न सकौ ।

उत्पती १:२६-२७, एफिसी ४,२४, कलस्सी ३:१०, २ कोरिन्थी ३:१८, एफिसी १:६, १

प्रश्न ७ त्यसो हो भने मानिसको भ्रष्ट पतित स्वभाव कहाँबाट आँउछ ?

उत्तर अदनको बगैचामा हाम्रो आदि माता पिताको अनाज्ञाकारिता र पतन द्धारा हाम्रो स्वभाव यति दुसित पतित भएको छ कि हामी सबै पापमानै गर्भारण गरी जन्म लिन्छौ ।

उत्पती ३, रोमी ५:१२,१८-१९, भजन संग्रह ५१:५ १४:२-३, उत्पती ५:३,

प्रश्न ८ के हामी यति भ्रष्ट भएका छौं कि हामी केही पनि राम्रो गर्न सक्दैनौ ?अनि खराबी तीर हाम्रो भुकाव सधै रहन्छ ?

उत्तर हो यो सत्य हो जब सम्म हामी परमेश्वरको आत्माद्धारा पुनः नयाँ गराइदैनौ ।

उन्पती ६:५, ८:२१, अप्युव १४:४, १५: १४, युहन्ना ३:५,६, यशैया ५३: ६ युहल्ना ३: ३, ५: १,१ कोरिन्थी १२: ३, २ कोरिन्थी ३: ५, यार्मिया १७:९, रोमी ७:१८,

## प्रभुको दिन IV

प्रश्न ९ तब के परमेश्वरले गल्ती गर्नुहुन्छ ? मानिसलाई यस्तो ब्यवस्था दिएर जसलाई पुरा गर्न नै सकिदैन ।

उत्तर होइन, कदापि होइन परमेश्वरले मनुष्यलाई यस योग्य बनाउनु भयो, कि परमेश्वरको ब्यवस्था पुरा गर्न सकोस् । तर मानव शैतानको बहकाउमा लागेर आफ्नै स्वइच्छाको अनाज्ञकारीबाट आफु र आफ्नो

सम्पुर्ण बंशलाई नै यस गुणबाट अलग गरिदियो । उपदेशक ७:२९, युहन्ना ८:४४, २ कारिन्थी ११:३, एफिसी ४:२४, उत्पती ३:१३, ६,७, १ मोथी २:१३, १४, रोमी ५:१२, यु ५:१२ रोमी ५:१२

प्रश्न १० के परमेश्वर यस्तो आज्ञाकारी र भत्किएकाहरुलाई सहनुहुन्छ यसको दण्ड दिनुहुन्न ?

उत्तर कदापि होइन, परमेश्वर हाम्रो मौलिक पाप र बास्तविक पाप देखी धेरै दुःखी हुनुहुन्छ । अनि नितिहरुलाई उचित न्याय स्वरुप स्थायी र संधैको लागि दण्ड दिनुहुन्छ, जस्तै उहाँको घोषणा गर्नु भएको छ । जो कसैले पनि ब्यवस्थामा लेखिएको सबै कुराको पालना गर्दैन त्यो श्रपित हो ।

उत्पती २:१७ भजन संग्रह ५०:२१ प्रथान २०:४५,३४:७ रोमी १:१८ एफिसी ५:६ ब्यवस्था २७:२६, गलाती ३:१६, ह्रिब्रू-९:२७ भ.स ५:६ मती २५:४ कलस्सी ३:१०

प्रश्न. ११ तब के परमेश्वर दयालु हुनुहुन्न?

उत्तर परमेश्वर दयालु हुनुहुन्छ, । यद्यपी उहाँ न्यायी पनि हुनुहुन्छ, यसर्थ उहाँको न्यायको माग छ कि पाप जो उहाँको विरुद्धमा भएको छ त्यसको दण्डपनि ठुलो हुन्छ जो शरिर र आत्मामा सधैको निम्ती दण्ड हो ।

प्रस्थान ३४:६-७ २३:७, भ.स. ५:५-६, ७:९, प्रस्थान २०:५, २३:७ उत्पती २:१७, २ कोरिन्थी ६:१४-१६, प्रकाश १४:११

## दोस्रो भाग

## छुट्कारा

### प्रभुको दिन v

प्रश्न १२ जबकि परमेश्वरको धर्मी न्यायद्धारा हामी स्थायी र अनन्त काल सम्म दण्डको हकदार हौ भने के यस्तो उपाय छैन ? जसबाट हामी उक्त दण्डबाट बच्न सकौ र फेरि उहाँको पक्ष प्राप्त गर्न सकौ ?

उत्तरः परमेश्वरको न्याय सन्तुष्ट हुनु आवश्यक छ । यसकारण हामीले उहाँको न्याय सन्तुष्ट गराउनु आवश्यक छ चाहे त्यो आफै होस् वा कोहि अरु द्धारा ।

उत्पती २:१७, प्रस्थान २३:७, मत्ती ५:२६, २ थेस्लोनिकी १:६, लुका १६:२ रोमी ८:४३-४-५, प्रस्थान २०: ५,२ कोन्थिी ५:१४-१५ प्रस्थान २३:७ अयूव १४:१५-१६मती ६:१२, यशैया ६४:६

प्र.न १३ तर के हामी आफै पूर्ण सन्तुष्टि गराउन सक्छौ ?

उत्तरः कदापी सक्दैनौ, बरु हामी दिन दिनै यसलाई (त्याय) बढाँउदै जान्छौ । अय्युब ९: २-३, १५: १४,१५, १६, ४:१ ८, १९ भजनसंग्रह १३०:३, मत्ती ६:१२, १८:२५, १६:२६ इजकिएल १८:२०, प्रकाश ५:३, भजनसंग्रह ४९:८-९ हिब्रु २:१४-१८, भजनसंग्रह १३०:३

प्रश्न १४: के कहि कोहि यस्तो प्राणि छ ? जसले हाम्रो बदलामा परमेश्वरको न्यायलाई सन्तुष्ट गराउन सकोस ?

उत्तरः अहँ छैन । परमेश्वर हाम्रो बदलामा कुनै अन्य प्राणीलाई हामीले गरेको पापको दण्ड दिनु हुन्न । तब मात्रप्र ाणी, पापको विरुद्ध परमेश्वरको अनन्त क्रोधको बोझ कसैले सहन सक्दैन तब कसरी अरुलाई बचाउन सकोस् ।

उत्पती ३:१७, नहेम्याह १:६, भजन संग्रह १३०:३

प्र.न १५ तब हामीलाई कस्तो मध्यस्थ वा छुटाउने बाला चाहिन्छ ?

उत्तरः त्यस्तो जो सत्य र धर्मी मनुष्य होस् तरपनि सबै प्राणीहरु भन्दा सामर्थी होस् । जो चाहि साँचो परमेश्वर बाहेक अरु कोहि पनि छैन् ।

यशैया ५३:११, १ कोरिन्थी १५,२१-२२, यशैया ७:१४, ५:६, यर्मिया २३:१६, तु का ११:२२, २ कोरिन्थि २:२१, रोमी ८:३,९:५, हिब्रु ७:१५- १६,२६

### प्रभुको दिन vi

प्रश्न १६: किन त्यो सच्चा र धर्मी मनुष्य हुनु आवश्यक छ ?

उत्तरः किनकी परमेश्वरको न्याय चाहन्छ, कि जुन मानव स्वभावले पाप गरेको छ, त्यसको पापको लागि सन्तुष्ट दिने मानिस नै होस् । अनि जो स्वयँ पापी छ त्यसले दोस्रो व्यक्तिको पापको लागि सन्तुष्टि दिन सक्दैन ।

रोमी ५:१२-१५,१८,१ पत्रस ३:१८, यशैया ७:१४-५३, १ कोरिन्थि १५:२१, भजन संग्रह ४९:८

प्रश्न १७: किन आवश्यक छ कि त्यो सच्चा परमेश्वर बाहेक अरू कोहि पनि नहोस ?

उत्तरः यसकारण कि उहाँको इश्वरीय शक्तिले, आफ्नो मनुष्य स्वभावमा र रुपमा परमेश्वरको क्रोधको बोझ खप्न सकोस अनि हाम्रो लागि धार्मिक तार जिवन प्राप्त गर्न सकियोस् ।

युहन्ना ३:१६, प्रेरित २०:२८, यशैया ९:७, व्यवस्था ४:२ नहेम्याह १:६, भजन संग्रह १३०:३, यशैया ५३:८,५,११, २तिमोथी १:१०, युहन्ना ५:५१, यर्मिया २३:६

प्रश्न १८ तर यस्तो मध्यस्थकर्ता को छ? जो एकसाथ सच्चा परमेश्वर साथै सच्चा धर्मी मानव पनि छ ?

उत्तरः हाम्रो प्रभु येशु खष्टि जो हाम्रो निम्ती परमेश्वरको तर्फबाट चुनिएको, धार्मिक, पवित्र र छुट्कारा दाता ठहराइनु भयो ।

मती १:२३, १ तिमोथी ३:१६, १ युहन्ना ५:२, रोमी ९:५,८ गताती ४:४, यशैया ५३: ९-११,६,७ रोमी १ :३, ९,५, फिलिप्पी २:७, यसैया ५३:९-११, यर्मिया २३:५, लुका १: ३५, युहन्ना २:४६, प्ररित ४:१२, १ पत्रृस १:१ ९, २:२२, ३:१८, १ तिमोथि २:५,

प्रश्न १९: तपाई उहाँलाई कहाँबाट जान्नुहुन्छ ?

उत्तरः पवित्र सु समाचार बाट, जसलाई परमेश्वरले स्वयँ पहिलो पटक अदनको वगैचामा प्रकट गर्नु भएको थियो । पछि अगमवक्ताहरुद्धारा प्रकट गर्नुभयो अनि बलिदान र व्यवस्थाको संस्कार हरुमा यसको प्र तिविम्बदेखियो अनि अन्तमा उहाँको एकलौटे पुत्र खीष्ट मा पुरा भयो ।

उन्पती ३:१५, २२:१८, २८:१४, १२:३, ४९:१०, यशैया ५३,४:१-४, ४३: २५, ४९: ५, ७, २३, यर्मिया २३: ५, ६, ३१:३२, ३३, ३२: ३९: ३९- ४१, मिका ७: १८- २० प्रेरित १०:४३, कलस्सी २:७, युहन्ना ५: ४६, रोमी १०:४, गलाती ४:४, ३:२४, कलस्सी २:१७, रोमी १:२, कलस्सी ४: ४-५, हिब्रु १०:७-८, १३:८, १०:१

## प्रभुको दिन vii

प्रश्न २० के सबै मानव येशुद्धारा बचाइएको छ ? जसरी सबै आदममा नाश भए ।

उत्तरः होइन तर नितिहरु जो साँचो विश्वासद्धारा येशु मसिह सँग जोडिएको छ अनि उहाँलाई स्वीकार गर्छन ।

मति ७:१४, २२:१४, १६:६, युहन्ना १२: ३:१६, १८, ३६, यशैया ५३:११, भजनसंग्रह २:१२, रोमी ११:३, ३:२२, १ को १५: २२, मती १:२१, हिब्रु १०:२९, रोमी ११:२०

प्रश्न २१ साँचो विश्वास के हो ?

उत्तरः साँचो विश्वास केवल ज्ञान मात्रै होइन, जसले त्यो सच्चाईलाई थामोस जो परमेशवरको बचनमा प्रकट गरिएको छ तर एक दृढ विश्वास हो जो पवित्र आत्मले सुसमाचार द्धारा हाम्रो हृदय मा उत्पन्न गराँउछ । केवल अरुको निम्ती मात्रै होइन तर पाप बाट छुट्कारा संधैको निम्ती धार्मिकता र उद्धार परमेश्वर द्धरा केवल अनुग्रहबाट अनि येशुको कारण सितैमा मेरो निम्ती पनि हो ।

युहन्ना ६:६९, हिब्रु ११:१-६, एफिसी ३:१२, २:७,९ रोमी ४:१६, २०- २१, रोमी १: १६-१७, ५:१, ३:२४-२६ १ कोरीन्थी १:२१, प्रेरित १६:१४, मेत्ती १६:१७, युहन्ना ३:५, रोमी १०:१६,१७, मत्ती ९:२, एफिसी २:७, ९, गलाती २:१६, प्रेरित १०:४३, याकुब १:६, फिलीप्पी १:१९,२९

प्रश्न २२: एउटा खिस्टीयनको लागि विश्वास गर्नु आवश्यक छ ?

उत्तरः ती सबै थोकहरु जसको बाचा हामीसँग सुसमचारमा गरिएको छ,जो हाम्रो ब्यापक अनि सन्देह रहित विश्वासको निम्ती हामीलाई छोटकरीमा सिकाउँदछ ।

मत्ती २८:१९, मर्कुस १:१५

प्रश्न २३: यो लेख के हो ?

उत्तरः १. म विश्वास गर्दछ, सर्बशाक्तिमान पिता परमेश्वर माथि जसले आकाश र पृथ्वी सृष्टी गर्नुभयो ।

२. अनि म विश्वास गर्दछु उहाँको एकलौटे पुत्र हाम्रो येशु खीष्ट माथि ।

३. उहाँ पवित्रात्माको शक्तिले देहधारी हुनुभयो र कन्ये कुमारी मारियमबाट देहधारी हुनुभयो ।

४. पन्तियस पिलातसको अधिकारमा दुःख भोग्नु भयो, कसमा टाँगिनुभयो, मारिनुभयो, गाढिनुभयो, अधलोकमा जानुभयो ।

५. तेस्रो दिनमा मृतकबाट जिइउठ्नुभयो ।

६. स्वर्गमा चढिजानुभयो भनि सर्बशाक्तिमान पिता परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको छ ।

७. जहाँ देखी उहाँ जिउदा र मरेकाहरुको न्याय गर्न फेरि आउनु हुनेछ ।

८. म विश्वास गर्दछु पवित्र आत्मा माथि ।

९. म विश्वास गर्दछु । पवित्रहरुको संगती माथि संतहरुको संगतीमाथि

१०. म विश्वास गर्दछु पापको क्षमामाथि

११. शरिरको पुनरुत्थान माथि

१२. अनि अनन्त जीवन माथि

## प्रभुको दिन viii

प्रश्न २४ यो लेख कसरी विभाजित गरिएको छ ।

उत्तर यो तिन भागमा विभाजन गरिएको छ ।

१. परमेश्वर पिता अनि हाम्रो सृष्टीकर्ताको लेख हो,

२. परमेश्वर पुत्र अनि हाम्रो छुट्काराको

३. परमेश्वर पवित्र आत्मा अनि हाम्रो पवित्रीकरणको लेख हो । उत्पती १-, १पत्रुस १ २१-२२, २, १८-१९, वयुहन्ना ५:७

प्रश्न २५ जब एउटै इश्वरको अस्तीत्व छ, तब किन पिता, पुत्र, पवित्रआत्मा तिन जनाको कुरा गर्दछौ ?

उत्तर: किनभने परमेश्वर आफुले आफैलाई, आफ्नो बचनमा यसरी नै प्रकट गर्नुभएको छ कि यी तिन अलग-अलग ब्यक्ति, एउटै साँचो अनि अनन्त परमेश्वर हुनुहुन्छ ।

उत्पत्ती १:२६, युहन्ना १४:१६-१७ ,१ यहन्ना ५:७, मत्ती २८:१९,
२ कोरीन्थी १३:१४, मत्ती ३:१६-१७, भजनसंग्रह ११०:१, ब्यवस्था ६:४

## प्रभुका दिन ix

प्रश्न २६ के तपाई विश्वास गर्नुहुन्छ ? "म विश्वास गर्दछु एक सर्बशक्तिमान पिता परमेश्वर माथि जसले आकाश र पृथ्वी सृष्टी गर्नुभयो " भन्ने कुरामा?

उत्तर: हामी विश्वास गर्दछौ कि हाम्रो प्रभु येशु खीष्टको अनन्तकालिन पिता मा, अनी आकाश र पृथ्वी जति त्यसमा छ सुन्यताबाट सृष्टी गर्नुभयो । जो मसिह उहाँको पुत्र, जो मेरो परमेश्वर र मेरो पिता हुनुहुन्छ । उहाँले नै आफ्नो अनन्त युक्तिद्धारा सम्हाल्नुहुन्छ र शासन गर्नुहुन्छ । जसमा म विश्वास गर्दछु कि जे पनि मेरा आत्मा र शरिरको निम्ती आवश्यक छ त्यो मलाई दिनुहुन्छ, अनि मसित जे पनि नराम्रो हुने अनुमति उहाँ दिनुहुन्छ । आँसुको घाटीहरुलाई मेरो भलाईको निम्ती परिवर्तन गरिदिनु हुन्छ । उहाँ यस्तो गर्नमा सक्षम हुनुहुन्छ । किनभने उहाँ सर्बशक्तिमान र एक विश्वासयोग्य पिता हुनुहन्छ ।

उत्पती १:१-२, प्रस्थान २०:११, मति ६:८, ७:९-११, १०:२९, ६:२६, अय्युब ३३:४, ३८:२९, १४:१५, भ.स. ३३:६, १०७:२७-३०, गन्ती २३:१९ हिब्रु १:३ युहन्ना ५:१७, १:१२,१६, १ युहन्ना ३:१, भ.स. ५५:२, एफिसी १:५,३:१४-१६, रोमी ४:२१, १०:१२, लुका १२,२२-२४, १४:१५, यशैया ४५:७ हिब्रु १:३, भ.स. १०४:२७:३०, ११५:३, एफिसी १:११, रोमी ८:१५, भ.स. ५५:२२, लुका १२:२२, रोमी ८:२८

## प्रभुको दिन x

प्रश्न २७: परमेश्वरको देखरेख (इश्वरीय कृपादृष्टी) मा तपाईको धारणा के हो?

उतर: यसमा मेरो धारणा (तात्पर्य ) छ कि परमेश्वरको सर्ब शक्तिमान अनि सर्बब्यापी शक्ति जसद्धारा उहाँले आकाश ,पुथ्वी र जे जति त्यसमा छ, लसबैलाई उहाले नै सम्हाल्नु हन्छ र शासन गर्नुहुन्छ , कि रुख र घास , बर्षा र सुख्खा , उपज उपजाउ बर्षा ,खाना र पिना,स्वस्थ र बिरामी ,प्रशश्स्तता र गरिब सबै कुराहरु अचानक हदैन ,तर परमेश्वरको हातबाटनै हुन्छ ।

प्रेरित १७:२५-२८, यर्मिया २३:२३-२४, यशैया २९:१५-१६ हिब्रु १:३ यर्मिया ५:२४,प्रेरित १४:१७, युहन्ना ९:३, मती १०:२९ अय्युब १:२१ एफिसी १:११, भ.स १०३:१९,रोमी ५:३ ,

प्रश्न २८: हामीलाई यसबाट के फाइदा हुन्छ कि परमेश्वरले सबै थोकहरु सृष्टी गर्नुभयो, अनि आफ्ना देखरेखमा सब थोक लाई स्थीर राख्नु हून्छ ?

उत्तर: यसबाट हामीलाई यो फाईदा छ कि बिपत्तीको समयमा घैर्यता राख्न सकौ, सफलतामा घन्यबाद दिनसकौ, अनि आउने समयमा हामी हाम्रो परमेश्वर र पितामा विश्वास राख्न सकौ ताकी कसैले पनि उहाँको पेम्र देखी अलग गर्न नसकोस ,किनकि सबै प्राणीहरु उहाकै हातमा निहीत छ, र उहाँ को इच्छा बिना केहि पनि गर्न सकिदैन ।

रोमी ५:३,याकुब १:३,भजन संग्रह ३९:९ अयूब १:२१,२२ १ थेस्लोनिकी ५:१८, ब्यबस्था ८:१०,भ.स .५ ५:२२,रोमी ५:४,८:३८ ,३९,अयुब १:१२,२:६, प्रेरित १७:२७, मत्ती ८:३०, हितोपदेश २१:१, २ को १:१०, अयूब १:३,

## प्रभुको दिन xi

प्रश्न :२९ परमेश्वरको पुत्र येशु ख्रीष्ट जो उद्धारकर्ता हुनुहुन्छ, किन भनिएको हो ?

उत्तरः किनभने उहाँले नै हामी सबैको पापबाट छुटाउनुहुन्छ, र यसकारण पनि कि उहाँबाहेक अरु कसैमा पनि उद्धार छैन ।

मत्ति १:२१, हिब्रु ७:२५ प्रेरित ४:१२, युहन्ना १५:४,५ १ तिमोथी २:५, लुका २:१०- ११

प्रश्न ३०: तब जसले आफ्नो उद्धार र संतहरुको देखरेखको कार्य आफैले गर्दछ उनिहरुलाई केवल येशुमा विश्वास गर्नुपर्छ वा अन्य कुनै कुरामा पनि ?

उत्तर : उनिहरुले यसो गर्नुपदैन, उनिहरुले शब्दहरुमा उहाँ (येशु) मा घमण्ड गर्दछ। तर पनि एकमात्र उद्धारकर्ता येशुको इन्कार गर्दछन् दुई मध्ये कुनै एकमा विश्वास गर्नु आवश्यक छ । या त येशु पुर्ण उद्धारकर्ता हुनुहुन्न, अन्यथा साँचो विश्वासमा उहाँ उद्धारकर्तालाई स्वीकार गर्दछौ भने उहाँमा जो जति उद्धारको निम्ती आवश्यकता छ, हामी पाउनु सक्छौँ, यो विश्वास गर्नु आवश्यक छ।

१ कोरिन्थी १:१३, गलाती ५:४, हिब्रु १२:२, यशैया ९:६, मती २३:२८, यर्मिया ९:६-७, कलस्सी १:१९, २०, २:१०, १ युहन्ना
१:१७, युहन्ना १:१६

## प्रभुको दिन xii

प्रश्न ३१: त्यो मसिह जसको तात्पर्य अभिषिक्त हो, किन भनिन्छ ?

उत्तरः किनकी उहाँ परमेश्वरद्धारा नियुक्त गरिएको अनि पवित्र आत्माबाट अभिषेक गरिएको हुनुहुन्छ , ताकि हाम्रो मुख्य गाठालो र शिक्षक होस् । जसले परमेश्वरको गुप्त योजना र हाम्रो छुट्काराको इच्छा हामीमा प्रकट गर्नुभएको छ । जसले आफ्नै शरीरको बलिदानबाट हामीलाई छुट्याउनुभएको छ । अनि हाम्रो निम्ती निरन्तर परमेश्वरसित विन्ती गर्नु हुन्छ, र उहाँ हाम्रो अनन्त राजा हुनुहुन्छ । जो आफ्नो आत्मा र बचनद्धारा हामीमा राज गर्नुहुन्छ, अनि उहाँले दिनुभएको त्यो उद्धारमा हामीलाई सम्हाल्नु र सुरक्षा प्रदान गर्नुहुन्छ ।

भजनसंग्रह ४५:७, हिब्रु १:९, यशैया ६१:१, युहन्ना १:१८, १५:१५, मत्ती ११:२७, लुका ४:१८, ब्यवस्था १८:१५, प्रेरित ३:२२, ७:३७, यशैया ५५:४, भ.स. ११०:४, हिब्रु १०:१२, १४, ९:१२, १४, २८ रोमी ८:३४, हिब्रु ९:२४, १ युहन्ना २:१, रोमी ५:९,१०, भ.स. २:६, जकरिया ९:९, मत्ती २:१५, लुकाः १:३३, मत्ती २८:१८, प्रकाश १२:१०,११

प्रश्न ३२: तर तपाईलाई मसिही (क्रिष्टियन) किन भनिन्छ ?

उत्तरः किनकी म विश्वासले मसिह (क्रिष्ट)को सदस्य हु, र उहाँको अभिषेकमा सामेल छु, ताकि म उहाँको नाँउ लिन सकु आफैले धन्यबादको जिवित बलिदान दिएर उहाँमा प्रस्तुत गर्न सकु । अनि स्वतन्त्र र असल विवेकले यस जीवनमा पाप र शैतान सित युद्ध गर्न सकु, अनि, यहाँपछि उहाँको साथ सधै रहन सकु र सबै प्रणीहरुमा राज्य गर्न सकु ।

१ कोरिन्थी ६:१५, प्रेरित ११:२६, १ युहन्ना २:२७, प्रेरित २:१७ मत्ती १०:३२, रोमी १०:१०, १२:१, १ पत्रुस २:५,९, प्रकाश १:६ ५:८,९, १पत्रुस २:११, रोमी ६:१२,१३, गलाती ५:१६, १७, एफिसी ६:११, १ तिमोथी १ :१०,१८, २ तिमोथी २:१२, मति २५:३४

## प्रभुको दिन xiii

प्रश्न ३३: उहाँलाई परमेश्वरको एकलौटे पुत्र किन भनिन्छ ? जवकि हामी पनि परमेश्वरको सन्तान हौं ?

उत्तरः किनकी एकमात्र येशु मसिह परमेश्वरको अनन्तकालिन स्वभाविक पुत्र हुनुहुन्छ, तर पनि हामी अनुग्रहबाट मसिहको निम्ती परमेश्वरको छोरा छोरी हौ ।

युहन्ना १:१४, हिब्रु १:१,२, युहन्ना ३:१६, १ युहन्ना १:४-९, रोमी ८:१६,३२, युहन्ना १:१२, गलाती ४:६, एफिसी १:५,६ रोमी ८:१५-१७, १युहन्ना ३:१

प्रश्न ३४: तपाई किन उहाँलाई आफ्नो प्रभु भन्नु हुन्छ ?

उत्तरः किनकी उहाँले हामीलाई हाम्रो आत्मा र शरीरलाई हाम्रो सबै पापबाट, सुन र चाँदी होइन तर आफ्नै बहुमुल्य रगतले धोएर छुटाउनुभएको छ। अनि शैतानको सबै सामर्थ्यबाट छुटाएर हामीलाई आफ्नो बनाउनु भएको छ ।

१ पत्रुस १:१८,१९,२:९,१कोरिन्थी ६:२०, १ तिमोथी २:६, युहन्ना २०:२८,१ युहन्ना ३:१, १कोरीन्थी ७:२३, तितस २:१४, कलस्सी १:१४

## प्रभुको दिन xiv

प्रश्न ३५: उहाँ पवित्रात्माको शक्तिले देहधारी भएर कन्या मरियमबाट जन्मनु भयो यसको अर्थ के हो ?

उत्तरः यसको अर्थ होकी जो परमेश्वरको अनन्त पुत्र हुनुहुन्छ जो साँचो र अनन्त परमेश्वर हुनुहुन्छ अनि निरन्तर रहनुहुनेछ, उहाँले मानिसको रुप धारण गर्नुभयो, पवित्रआत्माको सामर्थ्यले कन्य मरियमबाट रगत र मासु धारण गर्नु भयो, कि उहाँ दाउदको साँचो बंशजमा जन्म लिनु भयो ताकी पापलाई छोडेर सबै कुराहरु मा आफ्नो भाईहरुको समाननै बन्न सकोस ।

१ युहन्ना ५:२०, यहन्ना १:१, १७:३, रोमी १:३, ९:५, गलाती ४:४, लुका १:३१,४२,४३ मत्ती १:२०, लुका १:३५, रोमी १:३, भजन संग्रह १३२:११, कलस्सी १:१५, भ.स २:७, युहन्ना १:१४, प्रेरित २:३०, फिलीप्पी २:७, युहन्ना १:१४, प्रेरित २:३०, फिलीप्पी २:७, हिब्रु २:१४, १७, ४:१५

प्रश्न ३६: पवित्र गर्भधारण र मसिहको जन्मले तपाईलाई के फाइदा हुन्छ?

उत्तरः हाम्रो फाइदा यो होकी उहाँ हाम्रो मध्यस्थ हुनुहुन्छ। अनि उहाँको निर्दोषता र सिद्ध पवित्रतामा परमेशवरको सामुन्ने हाम्रो पाप जसमा हामी गर्भधारण र जन्म लिएका थियौ त्यो ढाकिदिनुहुन्छ ।

हिब्रु ७:२६-२७, १ पत्रुस १:१८-१९, ३:१८, १ कोरिन्थी १:३०, रोमी ८:३,४, यशैया ५३: ११, भ.स. ३२:१, १ युहन्ना १:९

## प्रभुको दिन xv

प्रश्न ३६: उहाँले दुःख उठाउनुको मतलब (अर्थ) के हो ?

उत्तरः यसको मतलब (अर्थ) यो हो कि, आफ्नो पुरै जीवनकालमा जबसम्म उहाँ संसारमा रहनु भयो, विषेश गरीकन जीवनको उर्तादमा, शरिर र आत्मामा सारा मानवजातिको पापको विरुद्ध परमेश्वरको क्रोध आफ्नो माथी लिनुभयो, ताकि आफुले भोगेका कष्टको प्रायाश्चित, बलिदानले उहाँमा हाम्रो आत्मा र शरिरको अनन्तकालको यातनाबाट छुटाएर हाम्रो निम्ती परमेश्वरको अनुग्रह धार्मिकता र अनन्त जिवन प्राप्त गर्न सकौ ।

यशैया ५३:४,१०:१२ १ पत्रुस २:२४, ३:१८, १ तिमोथी २:६, एफिसी ५:२, १ कोरिन्थी ५:७, १ युहन्ना २:२, रोमी ३:२५, हिब्रु ९:२८, १०:१४, गलाती ३:१३, कलस्सी १:१३, हिब्रु ९:१२, १ पत्रुस १:१८,१९, २ कोरीन्थी ५:२१: युहन्ना ३:१६, ७:५१, हिब्रु ९:१५, १०:१९, १ पत्रुस २:२४, भ.स. २२: १४-१६ मत्ती २६:१८, रोमी ५:६

प्रश्न ३८: उहाँले पन्तियस पिलातसको राज्यमानै किन दुःख उठाउनु भयो?

उत्तरः उहाँ निर्दोष हुनुहुन्थ्यो तर पनि उहाँ अस्थायी न्यायधिसद्धारा दोषी ठहराइनुभयो, जसद्धारा उहाँले हामी परमेश्वरको न्याय जसको हामी अधिनमा थियौ सो बाट हामीलाई स्वतन्त्र तुल्याउनु भयो ।

यहुन्ना १८:३८, मत्ती २७:२४, लुका २३:१४, भ.स. १९:४, भजन संग्रह १६:४, यशैया ५३:४, ५, २ कोरीन्थी ५:२१, गलाती ३:१३, भस ६९:४, प्रेरित ४:२७-२८

प्रश्न ३९: के उहाँले क्रुसमा प्राण दिनुभएको ज्यादा उचित थियो ? कि अझ कुनै प्रकारबाट ?

उत्तर हो, किनकी यस मृत्यु मानै आश्वस्त बन्दुछु, कि त्यो श्राप जो ममा पर्नेवाला थियो त्यो उहाँले आफुमाथि लिनुभयो, किनकी क्रूसको कृत्यु परमेश्वरको तर्फबाट श्रापित थियो ।

गलाती ३:१३, ब्यवस्था २१:२३

## प्रभुको दिन xvi

प्रश्न ४०: यो किन आवश्यक थियो कि मसिह आफुले आफैलाई मृत्यु सम्म नै दीन (नम्र) तुल्याउनुपर्ने ?

उत्तर : किनकी परमेश्वरको न्याय र सच्चाईको लागि अनि हाम्रो पापको सन्तुष्टिको लागि, परमेश्वरको पुत्रको मृत्युको अतिरिक्त अरु कुनै पनि उपाय थिएन ।

उत्पती २:१२, रोमी ३:३,४, हिब्रु २:१४, १५, ९-१० फिलिप्पी २:८, रोमी ६:२३,

प्रश्न ४१: उहाँलाई किन चिहानमा गाडियो ?

उत्तर :प्रमाणित गर्नको लागि कि उहाँ बास्तवमै मर्नुभएको थियो ।

प्रेरित १३:२९, मति २७:५९-६०, लुका २३:५३, युहन्ना १९:३८-४२

प्रश्न ४२: जबकी येशुहाम्रो निम्ती मर्नुभयो, तब हामी किन मर्नु आवश्यक छ ?

उत्तर : हाम्रो मृत्यु हाम्रो पापको सन्तुष्टि होइन, तर हामी पापको निम्ती मर्दछौ अनि अनन्त जमिनमा प्रबेश गर्दछौ ।

मर्कुस ८:३७, भ.स. ४९:७ फिलिपी १:२३, युहन्ना ५:२४ रोमी ७:२४- २५

प्र.न. ४३ हामी लाई यैशुको क्रुसमा बलिदान र मृत्युले अरु के फाइदा हुन्छ ?

उतरः हामी लाई फाईदा हुन्छ कि, उहाँको सामर्थले हाम्रो पुरानो मनुष्यत्व उहाँको साथमा क्रुसमा मारियो र गाडिएको थियो, कि शारिरको नराम्रा अभिलाषा हामीमा प्रभुत्व गर्न नसकोस तर हामी आफुले आफैलाई धन्यबादको बलीदान दिन सकौ ।

रोमी ६:६,१२,१२:१, कलस्सी २:१२,२कोरिन्थी ५:१५

प्रश्न ४४: उहाँले नरकिय दुःख सहनु भयो यस्तो किन भयो ?

उत्तरः यसकारण कि ठुलो परिक्षाहरुको समयमा, म आश्वस्त रहन सकूँ अनि यस कुरामा आशा पाँउकि मेरो प्रभु येशु मसिह आफ्नो अवर्णनीय दुःख, यातना, भय र नरकिइ यातना जो उहाँले आफ्नो जीवनमा सहनुभयो । विशेषगरी क्रुसमा त्यो दुःख सहनुभयो, जसबाट उहाँले मलाई नरकको दुःख र यातनाबाट छुटाउनु भएको छ ।

भजनसंग्रह १८:४,५, ११६:३, मत्ती २६:३८, २७:४६, हिब्रु ५:७, यशैया ५३:५, १०, भ.स. १८:५

## प्रभुको दिन xvii

प्रश्न ४५: येशुखिष्टको (मसिह) को पुनरुत्थानले हामीलाई के लाभ हुन्छ ?

उत्तरः **पहिलो**- आफ्नै पुनरुत्थानले उहाँले मृत्युमाथि विजय प्राप्त गरिसक्नुभएको छ, ताकि उहाँले हामीलाई पनि उहाँको धार्मिकतामा सामेल गराउन सकौ । जो उहाँले हाम्रो निम्ती उहाँको मृत्युबाट प्राप्त गरी सक्नु भएको छ ।

**दास्रो-** हामीपनि उहाँको सामर्थ्यद्धारा नयाँ जिवनलाई प्राप्त गर्न सक्दछौँ ।

**तस्रो-** येशुखिष्ट (मसिह) को पुनरुत्थान हाम्रो पुनरुत्थानको पक्का ग्यारेन्टी हो ।

रोमी ४:२५, १ पत्रुस १:३, १ कोरिन्थी १५:१६, रोमी ६:४, कलस्सी ३-१, एफिसी २:५६, १ कोरिन्थी १ ५:२०-२१

## प्रभुको दिन xviii

प्रश्न ४६ : उहाँ स्वर्गमा चढिजानुभयो, यसबाट तपाई के बुझ्नु हुन्छ ?

उत्तरः येशुखीष्ट आफ्नो चेलाहरुको सामने पृथ्वीबाट आकाशमा चढी जानुभयो, अनि वहाँ निरन्तर हामीहरुको निम्ती त्यहाँ हुनुहुन्छ, जब सम्मकी उहाँ जिउदा र मरेकाहरुको न्याय गर्न आउनुहुन्न ।

प्रेरित १:९, मर्कुस १६:१९, लुका २५:५१, हिब्रु ९:२४,२५, ४:१५, रोमी ८:३४, कलस्सी ३:४, प्रेरित १:११, मती २४:३० प्रेरित ३:२०- २१, मत्ती २६:६४, एफिसी ४:२०

प्रश्न ४७: तब के मसिह हाम्रो साथमा जगतको अन्त सम्म हुनुहन्न ? कि जसरी उहाँले प्रतिज्ञा गर्नभएको थियो ?

उत्तरः येशुखीष्ट पुर्ण मानिस र पुर्ण परमेश्वर हुनुहुन्छ, आफ्नो मनुष्य स्वभावमा उहाँ अहिले पृथ्वीमा हुनुहुन्न, तर आफ्नो इश्वरीय, गौरव, महिमा, र आत्मामा उहाँ एक पल पनि हामीबाट टाढा हुनुहुन्न ।

युहन्ना १४:१८, मत्ती २८:२०, प्रेरित ३:२१, युहन्ना ३:१३, १६:२८, १४:१७- १८, १६:१३, १७:११, एफिसी ४:८, हिब्रु ८:४, मत्ती २६:११, २८:२०

प्रश्न ४८ : यदि उहाँको मनुष्य स्वभाव त्यहाँ छैन, जहाँ उहाँको इश्वरीय स्वभाव छ, तब के येशुको यी दुइ स्वभाव एक अर्कोबाट अलग भएन र ?

उत्तरः कदापि होइन, किनभने इश्वरीय स्वभाव असिमित अनि सर्बत्र उपस्थित छ । यसकारण बुझ्नु आवश्यक छ कि मनुष्य स्वभाव जो उहाँले धारण गर्नुभयो त्यो भन्दा इश्वरीय स्वभावधैरै विशाल छ अनि यसकारण मानव स्वभावमा आउनुभयो अनि उहाँमा ब्यक्तिगत रुपमा एकसाथ संगठित छ ।

यमिया २३:२४, प्रेरित ७:४९, कलस्सी २:९ युहन्ना ३:१३, ११:१५, मत्ति २८:६, २० युहन्ना १६:२८, १७:११, युहन्ना ४८, कलस्सी २:९,यर्मिया २३:२४

प्रश्न ४९ येशुमसिह स्वर्गरोहण हुनुभयो यसबाट हामीलाई के फाइदा छ?

उत्तर **पहिलो**- यो कि स्वर्गमा पिताको उपस्थिति मा उहाँ हाम्रो वकिल हुनुहुन्छ ।

**दोस्रो-** यो पक्का (निश्चित) छ कि हाम्रो देह स्वर्गमा छ उहाँ शिर हुनुहुन्छ अनि हामी उहाँका अंगहरु हौ, र उहाँले हामीलाई साथ लैजानु हुनेछ ।

**तेस्रो-** उहाँले आफ्नो आत्मा हामीलाई दिनुभएको छ र यो संकल्प हो । जुन आत्मा को सामर्थले हामी ती कुराहरुको खोजीमा हुन्छौ जो स्वर्गको हो, जहाँ येशुखीष्ट विद्यमान हुनुहुन्छ अनि परमेश्वरको दाहिने बाहुली तर्फ विराजमान हुनुहुन्छ, र हामी हाम्रो मन पृथ्वीका थोकहरुमा लगाउदैनौ ।

हिब्रु ९:२४, १ युहन्ना २:१-२, रोमी ८:३४, युहन्ना १४:१६, २-३,

२ कोरिन्थी ५:५, कलस्सी ३:१, फिलीप्पी ३:२०, युहन्ना २:१७, एफिसी २:६, प्रेरित २:३३, २ कारिन्थी १:२२, यहन्ना १७:२४, २०:१७

## प्रभुको दिन xix

प्रश्न नं. ५०: अनि उहाँ परमेश्वरको दाहिने बाहुली पट्टी बस्नु भएको छ, यस कुरालाई किन लेखिएको हो ?

उत्तरः किनकी मसिह स्वर्गमा यस कारण चढिजानुभयो कि त्यहा उहाँ मण्डलीको मुख्य भएर रहन सकोस । जसद्धारा पिता सबै थोकहरुमा शासन (प्रमुख) गर्न सक्नु हुन्छ ।

एफिसी १:२०-२३, कलस्सी १:१८, मत्ती २८:१८, यहन्ना ५:२२ १ पत्रुस ३:२२, भ.स. ११०:१

प्रश्न ५१ हाम्रो प्रमुख मुखिया खीष्टको यस महिमाा मा हाम्रो के फाइदा छ?

**पहिलो**-उहाँ आफ्नो आत्माद्धारा, हामीमा जो उहाँको सदस्य हो स्वर्गीय उपहार प्रदान गर्नु हुन्छ ।

**दोस्रो**- अनि आफ्नो सामर्थ्य द्धारा हाम्रो दुश्मनहरु बाट सुरक्षा दिनुहुन्छ ।

प्रेरित २:३३, एफीसी ४:८-१२ भजन संग्रह २:९, ११०:१, २, युहन्ना १०:२८- ३०, १ कोरिन्थी १५:२५-२६, प्रेरित २:३३,

प्रश्न ५२: मसिह जिउदा र मरेकाहरुका न्याय गर्न आउनुहुन्छ, यस कुरामा तपाईको के विचार छ ?

उत्तर यसमा हाम्रो विचार छ कि, आफ्नो सम्पुर्ण दुःख र यातनाहरुमा म आफ्नो आँखा उहाँतिर उठाउछु जसले आफुले आफैलाई परमेश्वरको न्यायको लागि बलिदान गरिदिनुभयो अनि मबाट सबै श्रापहरु टाढा लैजानुभयो, जो आफ्नो र मेरो शत्रुहरुलाई अनन्त कालको लागि दोषी ठहराउनुहुनेछ, तर मलाई आफ्नो चुनिएकाहरुको साथमा आफ्नो निम्ती स्वर्गिय आनन्द र महिमा मा लैजानु हुन्छ ।

फिलीप्पी ३:२०,२१ लुका २१:२८, रोमी ८:२३, तीतस २:१३, १ थेस्लोनिकी ४:१६, मत्ती २५:४१, २ थेस्लोनिकि १:१६, रोमी ८:२३-२४, २ थेस्लोनिकी १:६-९, प्रेरित १:१०-११, हिब्रु ९:२८

## प्रभुको दिन xx

प्रश्न ५३: पवित्र आत्माको बारेमा तपाई के विश्वास गर्नुहुन्छ ?

उत्तरः **पहिलो**- उहाँ पिता र पुत्रसंगै अनन्त परमेश्वर हुनुहुन्छ ।

**दास्रो**- पवित्र आत्मा मलाई दिइनुभएको छ, अनि उहाँले मलाई साचो विश्वास द्धारा मसीह र उहाँको सबै लाभहरुमा सम्मिलित गराउनुभएको छ । ताकि सधै मेरो साथमा रहिरहुन ।

१ युहन्ना५:७, उत्पती १:२, यशैया ४८:१६, १ कोरिन्थी ३:१६, ६:१९, प्रेरित ५:३,४, गलाती ४:६, मत्ती २८:१९,२०, १ कोरिन्थी १:२२, एफिसी १:१३, गलाती ३:१४, १पत्रुस १:२, यहन्ना १५:२६, प्रेरित ९:३१, यहन्ना १४:१६, १ पत्रुस ४:१४, १ कोरिन्थी ६:१७, रोमी १५:१३,

## प्रभुको दिन xxi

प्रश्न ५४ विश्वासीहरुको मण्डली र विश्वब्यापी मण्डली को विषयमा तपाईले विश्वास गर्नुहुन्छ ?

उत्तर परमेश्वरको पुत्र संसारको सुरुवात देखि लिएर अन्त सम्म सबै मानव जातीमा आफ्नो आत्मा र बचन द्धारा साँचो विश्वासको एकतामा मण्डली जो अनन्त जीवनको लागि चुन्नुभएको छ । तिनीहरुलाई आफ्नो निम्ती एकत्रित अनि उसको रक्षा र सुरक्षा प्रधान गर्नुहुन्छ । अनि यसको म सधै एक जिवित सदस्य बनिरहनेछु ।

एफिसी ५:२६, युहन्ना १०:१६, प्रेरित २०:२८, एफिसी ४:११-१३, उत्पती २६:४, प्रकाश ५:९, भजनसंग्रह ७१:१७-१८, यशैया ५९:२१, रोमी१:१६, १०:१४- १७, प्रेरित २:४२, ४६, एफिसी ४:३-५, रोमी ८:२९-३५ एफिसी १:१०- १३, १ यहन्ना ३:१४-१९,२१, भजन संग्रह २३:६, १ कोरिन्थी १:८,९, युहन्ना १०:२८, व्यवस्था १०:१४- १५, मत्ती १६:१८, भ.स. ७१:१८, यहन्ना २:१९, गलाती ३:२८

प्रश्न ५५ सन्तहरुको संगतीबाट तपाईके बुझ्नुहन्छ ?

उत्तरः **पहिलो**-सबै अनिहरेक विश्वासी जो मसीहको सदस्य हो, उसको सबै दान र थोकहरुमा उहा सामेल हुनुहुन्छ ।

**दास्रो**- सबैले यो जान्नु आवश्यक छ, कि उसले आफ्नो दानलाई स्वेच्छाले र आनन्दसहित एकार्काको भलाई र उद्धारको लागि प्रयोग गर्नु आवश्यक छ ।

१ युहन्ना १:३-४ रोमी ८:३२, १ कोरिन्थी १२:१२,१३, ६:१७, १२:१२, १३:१,५, फिलिप्पी २:४-८, हिब्रु ३:१४,

प्रश्न ५६ पापक्षमाको विषयमा तपाई विश्वास गर्नुहुन्छ ?

उत्तरः हाम्रो विश्वास छ कि, मासिहको संतुष्टिको लागि परमेश्वर मेरो पापको याद राख्नु हुन्न, न त मेरो पाप स्वभावको, जसको निम्ती म पुरै जीवनकाल संघर्ष गर्दछु, तर अनुग्रहमा मलाई मसीहको धार्मिकता छ, अनि म मा दोष लगाउनु हुन्न ।

१ युहन्ना २:२, १:७, २ कोरिन्थी ५:१९, रोमी ७:२३-२५, यर्मीया ३१:३४, मिका ७:१९, भजन संग्रह १०३:३,१०,१२, यहन्ना ३:१८, ५:२४, एपिसी १:७, रोमी ४:७-८,

## प्रभुको दिन xxii

प्रश्न ५७ शरिरको पुनरुत्थानमा तपाईको विचार के छ ?

उत्तरः यस जविनपछि तत्काल केवल मेरो आत्मा मात्रै मसिहको साथमा जानेछैन, तर मेरो शरीर पनि उहाँको सामर्थले पुनः मेरो आत्मासित एक हुनेछ, अनि त्यो मसिहको अदभुत शरीर समान बनाइने छ ।

लुका १६:२२, २३:४३, फिलिप्पी १:२१, २३, अय्युब १९:२५,२६, १युहन्ना ३:२, फिलिप्पी ३:२१, १कोरिन्थी १५:५३-५४,

प्रश्न ५८ अनन्तकालको जीवनबाट तपाई आफ्नो निम्ती के विचार जिज्ञासा गर्नुहुन्छ ?

उत्तरः यसमा मेरो विचार छ कि अहिले म आफ्नो हृदयमा अनन्त आनन्दको शुरुवातअनुभव प्राप्त गर्नेछु, तर यस जिवन पछि पुर्ण सिद्ध, परम सुःखको प्राप्ती गर्नेछु, जसलाई कहिले पनि आँखाले नदेखेको,कानले नसुनेको न त मानिसको हृदयमा विचार गरेको थियो त्यस स्थानमा संधै परमेश्वरको स्तुति प्रशंसा हुनेछ ।

१ कोरिन्थी ५:२,३,६ २:९, रोमी १४:१७, युहन्ना १७:३, रोमी ८:२३, १ पत्रुस १:८

## प्रभुको दिन xxiii

प्रश्न ५९ यी सब कुराहरुमा विश्वास गरेबापत तपाईलाई बर्तमानमा के फाइदा हुन्छ ?

उत्तरः परमेश्वरको सामुन्ने म मसिहमा धर्मी र अनन्त जविनको उत्तराधिकारी हुँ ।

हबकुक २:४ रोमी १:१७, यहन्ना ३:१६, रोमी ५:१, हिब्रु २:४, तीतस ३:७,रोमी ८:१६

प्रश्न ६० तपाई परमेश्वरको सामु कसरी धर्मी हुनुहुन्छ ?

उत्तरः केवल येशुमसिहमा साँचो विश्वास द्धारा यद्यपी मेरो विवकले मलाई दोष लगाँउदछ, मैले परमेश्वरको सबै आज्ञाहरुको विरुद्धमा पाप गरेको छु अनि त्यसमध्ये एउटालाई पनि मानिन । अनि अहिले पनि खरावीको निम्ती तत्पर रहदछु । तर पनि परमेश्वर विना मेरो असल कामनै केवल अनुग्रहबाट मलाई धार्मिकता र पवित्रता दिनु हुन्छ अनि ममा भर्नुहुन्छ, जस्तो कि मैले कहिल्यै कुनै पापनै गरेको छैन, अनि मैले नै सबैआज्ञाहरुको पालन गरे जस्तै यसलाई मसिहलेमेरो निम्ती गर्नुभएको छ, म यी फाइदाहरुलाई एक विश्वास गर्ने हृदयबाट स्वीकार गर्दछ, ।

रोमी ३:२१-२४, ५:१२, गलाती २:१६, एफिसी २:८,९, फिलिप्पी ३:९, रोमी ३:९, ७:२३, तीतस ३:५, व्यवस्था ९:६, रोमी ३:२१-२४, एफिसी २:८, रोमी ४:४, २ कोरिन्थी ५:१९,२१ १ युहन्ना २:१- २ कोरिन्थी ५:१९,२१, रोमी ३:२२, २ युहन्ना ३:१८, रोमी ३:२८

प्रश्न ६१ तपाई यो किन भन्नु हुन्छ कि तपाई केवल विश्वास द्धारा धर्मी ठहराइएको हो ?

उत्तरः यो मेरो आफ्नो विश्वासको योग्यताद्धारा परमेश्वरबाट स्वीकार गरिएको होइन, तर मसिहको सन्तुष्ट र पवित्रता नै परमेश्वरको सामने मेरो धार्मिकता हो अनि यस धर्मीकरणलाई पाएर आफ्नो बनाउन सक्दछ, यसको निम्ती विश्वासको अतिरिक्त अरु कुनै माध्यमहरु छैन ।

१ कोरिन्थी १:३०, २:२, १ युहन्ना ५:१०, एफिसी २:८-९, यशैया ५३:५, गलाती ३:२२, रोमी ४:१६

## प्रभुको दिन xxiv

प्रश्न ६२ किन हाम्रो असल काम पुर्ण अथवा केही हद सम्म पनी परमेश्वरको सामन्ने धार्मिकता हुन सक्दैन ?

उत्तरः किनकी धार्मिकता जो परमेश्वरको न्यायको सिहासन अघी स्थीर रहन सक्दछ, यो पुर्ण सिद्ध अनि इश्वरिय व्यवस्थाको अनुकुल हुनु आवश्यक छ,जबकी हाम्रो यस जीवनको असल कार्य अधुरो अनि पापले घृणित छ ।

गलाती ३:१०, व्यवस्था २७:२६, यशैया ६४:६, युहन्ना २:१०, फिलीप्पी ३:१२,

प्रश्न ६३ः त्यसो भए के हाम्रो असल कार्यहरुको कुनै महत्व छैन ? जबकी परमेश्वरले फेरि पनि यसको प्रतिफल यस जीवन र आउने बाला जीवनमा पनि दिनुहुन्छ ।

उत्तरः यो इनाम हाम्रो कार्यहरुको फल होइन तर यो अनुग्रहबाट पाइन्छ ।

लुका १७:१०, रोमी १:६

प्रश्न ६४ः त्यसो भए के यो शिक्षा र सिद्धान्त ले हामीलाई अल्छी अनि गैरजिम्मेवार बनाउदैन ?

उत्तरः कदापि बनाँउदैन । यो असम्भव छ, जो साँचो विश्वासद्धारा मसिहमा जोडिएको छ, नितीहरुले धन्यबादको फल फलाउछन् ।

मती १७-१८ युहन्ना १५:५, रोमी ६:१-२

## प्रभुको दिन xxv

प्रश्न ६५ः जबकी हामी केवल विश्वासद्धारा मसिह र उहाँको सबै फाइदाहरुमा संलग्न छौ त्यो विश्वास कहाँबाट आँउछ ?

उत्तरः पवित्र आत्मा, जो पवित्र सुसमाचारबाट हाम्रो हृदयमा यसलाई उत्पन्न गराँउनुहुन्छ । अनि पवित्र संस्कारको प्र योगले यसको पुष्टी गर्दछ ।

एफिसी २:८, ६:२३, यहन्ना ३:५, फिलिप्पी १:२९, मत्ती २८:१९, १ पत्रुस १:२२, २३, रोमी ४:११, १०, १७, युहल्ना ३:५, प्रेरित ८:३७

प्रश्न ६६: संस्कार के हो ?

उत्तरः संस्कार भनेको पवित्र सदृस्य चिन्ह अनि मोहोर हो जसलाई परमेश्वरले नै नियुक्त गर्नुभएको छ । कि यसको प्र योगबाट उहाँ सुसमाचारको प्रतिज्ञाहरु हाम्रो निम्ती घोषणा र दृढ गर्न सकौ कि मसिह खीष्ट को बलिदान जो उहाँले क्रुसमा दिनुभयो । उहाँमा हामीलाई अनुग्रह दिनुहुन्छ, ताकि हामी पापकपो क्षमा र अनन्त जविन प्राप्त गर्न सकौ ।

उत्पती १७:११, रोमी ४:११, ब्यवस्था ३०:६, लेबी ६:२५,३०:६ हिब्रु ९:७- ९, २४, यशैया ६:६,७, ५४:९ प्रेरित १२:१६, २:३८, मती २६:२८, हिब्रु ९:८- ९

प्रश्न ६७: तब के बचन अनि संस्कार दुबैले हाम्रो विश्वासलाई येशु मसिहको क्रुसको बलिदानतिर निर्देशित गर्दछ ? किनभने त्यहि हाम्रो उद्धारको आधार हो ?

उत्तरः हो, यो साँचो हो, पवित्र आत्मा हामीलाई सुसमाचारमा यो सिकाउनु हुन्छ अनि संस्कार द्धारा निश्चित गर्नुहुन्छ, कि हाम्रो उद्धारको आधार मसिहको एक बलिदान हो जो उहाँले क्रुसमा दिनुभयो ।

रोमी ६:३, गलाती ३:२७, हिब्रु ९:१२, प्रेरित २:४१-४२,

प्रश्न ६८ः येशुखीष्टले नयाँ नियम (करार) मा कति संस्कार नियुक्ति गर्नुभएको छ ?

उत्तर दुईवटा संस्कारहरुः

क) बरतिष्मा

ख) पवित्र प्रभुभोज

## प्रभुको दिन xxvi

प्रश्न ६९: कुन प्रकारले पवित्र बप्तिष्मा तपाईको निम्ति चिन्ह र निश्चयता हो, कि मसिहको क्रुसमा तपाई सामेल हुनुहुन्छ ?

उत्तरः येशु खीष्टमा (मसिह) ले पानी बाट बाहिरी सफाइ नियुक्त गर्नुभएको छ, अनि यसमा बाचा छ कि म उहाँको रगत र आत्माद्धारा, आत्माको फोहर जो मेरो सबै पाप हो, उहाँले त्यसलाई सफा गरिदिनु हुन्छ, यो यसैको निश्चयता हो । जसरी पानीले शरीरको सबै फोहर सफा गरिन्छ ।

मत्ती २८:१९, १ पत्रुस ३:२१, मर्कुस १:४, लुका ३:३, मर्कुस १६:१६, प्रेरित २:३८, युहन्ना १:३३, मत्ती ३:१०,११, रोमी ६:३,४,५

प्रश्न ७०: येशु खीष्टको रगत र आत्माले पवित्र हुनुको अर्थ के हो ?

उत्तरः यसको अर्थ यो हो कि परमेश्वरको अनुग्रहले मसिहको रगतको लागि जो उहाँले आफ्नो बलिदान सहित क्रुसमा बहाउनु भयो, त्यस द्वारा हाम्रो पाप क्षमा गनुएभएको छ अनि यो पनि कि पवित्र आत्मा द्वारा नयाँ भएर अनि पवित्र भएर ख्रीष्टको सदस्य हुन सकौ ताकि हामी धेरै भन्दा धेरै पापको निम्ती मरौ अनि पवित्र र निर्दोष जीवन ब्यतित गर्न सकौ ।

हिब्रु १२:२४, १ पत्रुस १:२, प्रकाश १:५, ७:१४, जकरिया १३:१, युहन्ना १:३३, ३:५, १ कोरिन्थी ६:११, १२:१ ३ रोमी ६:४, कलस्सी २:१२, हिब्रु ९:१४,

प्रश्न ७१ : खिष्ट ले हामीलाई यसको अश्वासन दिनु भएको छ कि हामी उहाँको रगत र आत्माले धोइएका छौ यसै निश्चयताको साथ जसरी हामी बर्पतिष्मा मा पानी ले धेइएका छौ ?

उत्तर : बर्पतिष्माको नियुक्ति मा जहाँ यसरी बताइएको छ यसकारण जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाँउमा तिनी हरुलाई बर्पतिष्मा देऔ (मत्ती २८:१९) विश्वास गर्ने र बर्पतिष्मा लिनेले उद्धार पाउने छ । तर विश्वास नगर्ने दोषी ठहरिने छ (मर्कुस १६:१६) यो वाचा दोहोऱ्याइएको छ, जहा पवित्र शास्त्र भन्दछ यो वर्पतिष्मा नया जन्म र पापलाई धुने वर्पतिष्मा हो । तितस ३:५, प्रेरित २२:१६, मत्ती २८:१ ९

## प्रभुको दिन XXVII

प्रश्न ७२ : तव के पानीले बाहिरी शरिरको धुलाई आफैमा पापको धुलाई हो ?

उत्तर : होइन । केबल येशु मसिहको रगत अनि पवित्र आत्मा द्वारा मात्रै हाम्रो पापहरुलाई धुन सक्दछ ।

मत्ती ३:११, १ पत्रुस ३:२१, एफिसी ५:२६, १ युहन्ना १:७, १ कोरिन्थी ६:११

प्रश्न ७३ : तब किन पवित्र आत्मा वर्पतिष्मालाई नया जन्मको लागि धोइनु पापलाई धुनु भनिन्छ ?

उत्तर : परमेश्वर विना कुनै ठुलो उदेश्य बोल्नु हुन्न, उहाँ हामीलाई यो सिकाउन चाहानु हुन्छ कि जसरी शरिरको फोहोर पानीले धोइदछ त्यसरी नै मसिहको रगतले र आत्माले हाम्रो पाप धोइदछ । तर उहा हामीलाई सिकाउनु र आश्वासत गर्नु हुन्छ कि यस इश्वरीय चिन्ह र वाचाद्धारा हामी आफ्नो पापबाट आत्मिक रितिले सफा भएका छौ त्यसरी नै जसरी पानीले बाहिरी शरिरको सफाई हुदछ ।

प्रकाश १:४, ५, ७:१४, १ कोरिन्थी ६:११, मर्कुस १६:१६, गलाती ३:२७, प्रेरित २:३८

प्रश्न ७४ : के बच्चालाई पनि बप्तिष्मा दिनु आवश्यक छ ?

उत्तर : हो किनकि तिनीहरु र समझदार व्यक्ति दुवै जना नै वाचा र मण्डलीण्मा समावेश गरिएको छ अनि पापबाट छुटकारा र पवित्र आत्मा जो विश्वासको वाहक हुनुहुन्छ यसकारण दुवै मसिहको रगत द्वारा जसरी ठूलोलाई त्यसरी नै बालकहरु सित पपति वाचा गरिएको छ यसकारण उनीहरुलाई वर्पतिष्माद्धारा यो प्रतिज्ञाको चिन्हद्धारा मण्डलीमा सामेल गरिनु पर्छ । ताकि अविश्वासीहरुको बच्चाहरुबाट अलग परिचय मिल्न सकोस् जसरी पुरानो नियममा खतना द्धारा हुदथ्यो । त्यसको बदलिमा नया नियममा वर्पतिष्मा नियुक्त गरिएको छ ।

उत्पत्ति १७:७, मति १९:१४, लुका १:१५, भजन संग्रह २२:१०, यसैया ४४:१-३, प्ररित २:३९, १०:४७, उत्पत्ति १ ७:१४, कलस्सी २:११-१३, १ कोरिन्थी १२:१३, ७:१४

## प्रभुको दिन XXVIII

प्रश्न ७५: प्रभु भोजमा तपाईको निम्ती यो कसरी प्रमाणित हुदछ कि तपाई येशु खिष्टको कुसमा वलिदान र त्यसको सबै फाइदाहरुमा तपाई सम्मिलित हुनसकोस ?

उत्तरः येशु मसिहले मलाई र सबै विश्वासीहरुलाई आज्ञा दिनुभएको छ कि उहाँको स्मरणमा हामी त्यो तोकिएको रोटीबाट खाऔ, अनि त्यो कचौराबाट पिऔ; जसमा उहाले निम्न वाचाहरु गर्नुभएको छ ।

पहिलो उहाको शरिर मेरो निम्ती कुसमा चढ्यौ अनि तोडियो, उहाको रगत मेरो निम्ती बहाउनु भयो, त्यसरी नै म देख्दछु कि प्रभु भोजको रोटी मेरो निम्ती तोडिन्छ र कचौडा मलाई पिउन दिइन्छ ।

दोस्रो उहा कुसमा चढि जानुभएको शरिर र बहाउनुभएको रगतबाट मेरो आत्माको अनन्त जिवनको लागि पोषित गर्नुहुन्छ । त्यही दृढताको साथ जसै म सेवकको हातबाट प्रभु भोजको रोटी र कचौडा लिएर मुखमा स्वाद लिन्छु यो वास्तवमै मसिहको शरिरको र रगतको चिन्ह हो ।

मति २६:२६-२८, मर्कुस १४:२२-२४, लुका २२:१९-२०, १कोरिन्थी १०:१६-१७, ११:२३-२५, १२:१३

प्रश्न ७६ : मसिहको कुसमा चढाइएको शरिर खानु अनि बहाइएको रगत पिउनु भनेको के हो ?

उत्तर : हृदय देखी नै विश्वासमा उहाको सारा दुःख अनि मृत्युलाई अपनाएर हामी पापको क्षमा र अनन्त जिवन प्राप्त गर्न सक्छौ अनि पवित्र आत्मा जो हामीमा बास गर्नु हुन्छ हामी वास्तवमै ख्रिष्टको शरिरमा संगठित हुदछौ । यदपी मसिह स्वर्गमा अनि हामी पृथ्वीमा छौ, तर पनि हामी उहाको शरिरको मासु अनि हड्डीको हड्डी अनि एक आत्मा बाट जिवन जिउछौ र सासीत हुन्छौ जस्तो कि एउटै आत्मा र शरिरको सदस्य हौ ।

यूहन्ना ६:३५, ४०, ४७-५७, कलस्सी ३:१, प्रेरित ३:१, १कोरिन्थी ११:२६, एफीसी ५:२४, ३०, ३:१६, ४:१५-१६, १ कोरिन्थी ६:१५, १यूहन्ना ३:२४, ४:१३, यूहन्ना १५: १-६

प्रश्न ७७ : प्रभु येशुले कहा यो वाचा गर्नु भएको छ कि जसै तोडिएको रोटीबाट खान्छौ र कचौराबाट पिउछौ, तब निश्चय नै विश्वासीहरुलाई उहाको शरिर र रगतद्धारा तृप्त र पोसित गर्नु हुनेछ ?

उत्तर: जब उहाले प्रभु भोज नियुक्त गर्नुभयो तब यो वाचा गर्नुभयो जसलाई हामी पढद छौ " प्रभु येशू जुनरात पक्राउ पर्नु भयो त्यस रात उहाले आफ्नो हातमा रोटी लिनु भयो र धन्यबाद दिए पछि त्यो भाच्नु भयो र भन्नु भयो" यो मेरो शरिर हो जो तिमीहरुको निम्ती तोडिएको छ मेरो सम्झनामा यो गर्ने गर" यस प्रकारले भोज पश्चात उहाले यसो भन्दै कचौरा लिनुभयो र भन्नु भयो "यो मेरो रगतमा भएको नया करार हो जब जब तिमीहरु यसलाई पिउछौ मेरो सम्झनामा अक्सर गर्ने गर किनकि जब जब तिमीहरु यो रोटी खान्छौ र यस कचौराबाट पिउछौ उहा नआउन्जेल तिमीहरु उहाको मृत्युको घोषणा गर्दछौ अनि पावल यस प्रतिज्ञालाइ दोहो ऱ्याउदै भन्दछन् "जुन आषिशको कचौराको निम्ती हामी आषिश माग्छौ के त्यो ख्रिष्टको रगतमा हुने सहभागिता होइन र? र त्यो रोटी हामी भाच्छौ के त्यो ख्रिष्टको शरिरमा हुने सहभागिता होइन र? रोटी एउटै हो यसकरण धेरै भएतापनि हामी एउटै शरिर हौ किनकि हामी सबै एउटै रोटीबाट खान्छौ ।

१ कोरिन्थी १०:१६, १७, ११:२३-२६, मति २६:२६-२८, मर्कुस १४:२२-२४, लुका २२:१९-२०, प्रस्थान १३:९

## प्रभुको दिन XXIX

प्रश्न ७८: तब के रोटी र दाखरस वास्तवमै ख्रिष्टको शरिर र रगत बन्दछ ?

उत्तर : होइन, तर जसरी वर्पतिष्मामा पानी ख्रिष्टको रगतमा परिवर्तन हुदैन नत स्वत यसैले पाप धुन्छ तर यो मात्र इश्वरीय प्रतिक र पुष्टिकरण हुन्छ । त्यसरी नै रोटी प्रभु भोजमा मसिहको साच्चै शरिर बन्दैन यदपि सस्कारको स्वभाव अनि गुणमा यसलाई ख्रिष्टको शरिर मानिन्छ ।

मति २६:२६, २९, एफिसी ५:२६, तितस ३:५, १ कोरिन्थी १०:१६, ११:२०, १०:३, ४, ११:२६-२८, उत्पत्ति १ ७:१०, ११, प्रस्थान १२:११, १३, १३:९, मति ३:२१, १ पत्रुस ३:२१, यूहन्ना ६:३५, ६२-६३, प्रस्थान १२:२६-२७, मर्कुस १४:२४, प्रेरित ७:८

प्रश्न ७९: तब किन ख्रिष्टले रोटीलाई शरिर अनि दाखरस लाइ आफ्नो रगत अथवा रगतमा भएको नया करार भन्नुहुन्छ, अनि पावल यसलाइ मसिहको शरिर र रगतमा भएको सहभागिता किन भन्नुहुन्छ ?

उत्तर : येशू ख्रिष्ट विना उद्देश्य केहि पनि भन्नुहुन्न, उहा यसलाइ केल यति मात्र होइन तर जसरी रोटी र दाखरसले अस्थायी जिवनलाइ जिवित राख्दछ त्यसरी नै उहाको कुसित देह अनि बहाउनु भएको रगत अनन्त जिवनको लागि हाम्रो आत्माको साचो भोजन अनि पानी हो , अनि यस भन्दा बढी उहा बताउनुहुन्छ कि यी सदृष्य चिन्ह र प्रतिज्ञामा हामीलाइ आश्वस्त गर्नु हुन्छ कि हामी पवित्र आत्माको कामद्धारा उहाको साचो शरिर र रगतमा यति साचो सहभागिता छ कि जसरी हामी चिन्हलाइ उहाको यादमा आफ्नो शरिरको मुखद्धारा ग्रहण गर्दछौ । अनि उहाको सबै दुःख अनि अनाज्ञाकारीता निश्चय नै हाम्रो नै हो, जसरी उहाले आफ्नो व्यक्तित्वमा दुःख उठाउनु भयो अनि हाम्रो पापको लागि परमेश्वरलाई सन्तुष्ट गर्नु भयो ।

१ यूहन्ना ६:५५, १ कोरिन्थी १०:१६, ११:२६-२८, यूहन्ना ६:५१, ५५-५६, एफिसी ५:३०, रोमी ५:९, १८-१९, ८:४

## प्रभुको दिन XXX

प्रश्न ८० : प्रभु भोज र पोपिश माश (Popish Mass) को विचमा के भिन्नता छ ?

उत्तर : प्रभु भोजले हामीलाइ यो कुराको साक्षी दिन्छ कि येशू मसिहको एक मात्र बलिदान जसलाई उहाले स्वयम कुसमा दिनुभयो हामीलाइ हाम्रो पापबाट पूर्ण क्षमा प्राप्त छ अनि पवित्र आत्मद्धारा हामी मसिहमा जोडिएका छौ । जो हाम्रो मनुष्य स्वभाव अनुसार अब पृथ्वीमा होइन तर स्वर्गमा उहाको पिता परमेश्वरको दाहिनेतिर वस्नुभएको छ, र उहा चाहनुहुन्छ कि हामी उहाको आराधना गरौ ।

तर पोपिश माश (Popish Mass) ले सिकाउदछ कि येशू मसिहको दःखले जिवित र मरेकाहरुको पाप क्षमा भएको छैन, जब सम्म कि मसिह सधै याजकद्धारा उहाको लागि बलिदान दिदैन अनि मसिह शारिरीक रितीले रोटी र दाखरसमा उपस्थित हुनु हुन्छ यसकारण उहाको आराधना हुनुपर्छ, यसप्रकार पोपिश माश (Popish Mass) मसिहको एक वलिदान र यातनालाइ झुठ ठहराउनु अतिरिक्त केहि पनि होइन अनि त्यो स्रापित मूर्तिपुजा हो ।

हिब्रु १०:१०, १२, ७:२६, २७, ९:१२, २५-२८, यूहन्ना १९:३०, १ कोरिन्थी १०:१६, १७, ६:१७, प्रेरित ७:५५, ५६, फिलिपी ३:२०-२१, हिब्रु ९:२६, १०:१२, १४, १:३, ८:१, मति २६:२८, १५:९, लुका २२:१९-२०, २४:५२-५३, २ कोरिन्थी ५:२१, यूहन्ना ४:२१-२३, १९:३०, कलस्सी ३:१, २:२१-२३, यसैया १:११, १४, यर्मिया २:१३, यूहन्ना २०:१७, १ थेस्लोनिकी १:९-१०

प्रश्न ८१ : प्रभु भोज कसको लागि नियुक्त गरिएको हो?

उत्तर : तिनीहरुको निम्ती जो आफ्नो पापको निम्ती दुखित बन्दछन् अनि उसले विश्वास गर्दछ कि येशू ख्रिष्टको कारण उसको पाप क्षमा भएको छ अनि जो आफ्नो विश्वासलाइ मजबुत र जिवनलाइ सुधार्न चाहन्छ । तर जो केवल देखाउनको लागि मात्र तर साचो हृदयबाट परमेश्वरको नजिक आएको छैन तापनि यदि उसले रोटी खान्छ र कचौराबाट पिउछ भने उसले आफै माथि परमेश्वरको न्यायलाइ निम्त्याउछ ।

१ कोरिन्थी ११:२८, २९, १०:१९-२०, लुका ७:३७-३८, १५:१८-१९, भजन संग्रह १०३:३, ११६:१२-१४, १ पत्रुस २:११-१२

प्रश्न ८२ : के ती मानिसहरुलाइ प्रभुभोज दिन मिल्छ जो आफ्नो घमण्ड र जिवनबाट यो प्रकट गर्दछन कि उनीहरु अविश्वासी र अधर्मी छन्?

उत्तर : कदापी हुदैन । यसो गर्नाले परमेश्वरको प्रतिज्ञा झूटो ठहरिन्छ, अनि त्यसको क्रोध सबै मण्डली माथी उठ्छ । यसकारण ख्रिष्टीय मण्डली, अनि मसिह र प्रेरितहरुको नियमअनुसार यो कर्तव्य होकि यस्तो मानिसहरु परमेश्वरको स्वर्ग राज्यमा जबसम्म उनिहरुले बदलाव ल्याउदैनन् तब सम्म प्रभु भोजबाट अलग राख्नु आवश्यक छ ।

१ कोरिन्थी ११:२०, ३४, यशौया १:११-१३, ६६:३, यर्मिया ७:२१-२३, भजनसंग्रह ५०:१६-१७, १ कोरिन्थी १०:२१, ११:३०-३१, भजनसंग्रह ५१:३, १०३:१-४, यशौया ६३:३, मत्ती ७:६, १ कोरिन्थी ११:३०-३२, तीटस ३:१०-११, २ थेस्लोजिकी ३:६

## प्रभुको दिन XXXI

प्रश्न ८३ : स्वर्गको राज्यको चाबी के हो ?

उत्तर : सु समाचारको प्रचार अनि मण्डलीको अनुशासन यी दुई कुराहरुबाट स्वर्गको राज्य खुल्दछ, अनि अविश्वासीहरु को विरुद्ध बन्द गरिदिन्छ ।

मत्ती १६:१८-१९, यूहन्ना २०:२३, मत्ती १८:१८, लूका २४:४६-४७, १ कोरिन्थी १:२३-२४

प्रश्न ८४ : कसरी मण्डलीको अनुसासनबाट स्वर्गको ढोका खुल्दछ र बन्द हुदछ ?

उत्तर : सबै विश्वासीहरुले ख्रिष्टको आज्ञा अनुसार प्रचार प्रसार अनि साक्षी दिनको लागि जब उनीहरु साचो विश्वासद्धारा सु समाचार स्वीकार गर्दछन् तब उनीहरुको सबै पाप परमेश्व्र ख्रिष्टको गुणहरुको कारण माफी गरिदिनुहुन्छ । तर अर्को तर्फबाट सबै अविश्वासी अनि तिनीहरु जो साचो पश्चापत गर्दैनन् प्रचार र गवाहीद्धारा

तिनीहरु माथि परमेश्वरको क्रोध अनि अनन्त दोष पर्नेछ जब सम्म उनीहरु परिवर्तन हुदैनन् सु समाचारको यो गवाही परमेश्वर यस जिवन र आउने जिवनमा न्याय गर्नुहुन्छ ।

यूहन्ना ३:१८, ३६, ८:२४, २०:२१-२३, मत्ती १६:१९, २८:१९, मर्कुस १६:१६, २ थेस्लोनिकी १:७-९, रोमी २:२, १३-१७, प्रेरित १०:४३, यशैया ५८:१, २ कोरिन्थी २:१५-१६

प्रश्न ८५ : कसरी मण्डली अनुशासनबाट स्वर्गको राज्य खुल्ला र बन्द हुदछ ?

उत्तर : खिष्टको आज्ञा अनुसार उनीहरुलाई स्वर्गमा सामेल गरिने छैन जो विश्वासी हुने दावी गरेर पनि गैर खिष्टियन शिक्षाहरु र कार्यहरु अनुरुप चल्दछ जो आफ्नो दाजुभाइको ताडना र सम्झाउदा पनि आफ्नो गल्ती अनि भ्रष्ट जिवनलाइ छोड्दैनन्, अनि जसको मण्डलीमा गुनासो भए पनि अभिषिक्त जनहरुलाई पनि नकारिदिन्छ, यस दोषको कारण उनीहरुलाइ मण्डलीमा बहिष्कृत गरिदिन्छ अनि परमेश्वर उनिहरुलाइ उहाको राज्यबाट बहिष्कृत गर्नुहुन्छ, अनि जब उनीहरु साचो सुधार, बदलाव अनि प्रतिज्ञा प्रकट गर्दछन् उसलाइ मसिह र उहाको मण्डलीको सदस्य स्वीकार गर्न सकिन्छ ।

## तेस्रो भाग

## धन्यबादीपन (कृतज्ञता)

## प्रभुको दिन XXXII

प्रश्न ८६ : जब कि हामी हाम्रो दुःख बाट अनुग्रहद्धारा विना कुनै गुणहरु र कार्यहरु नै छुट्याइएका छौ भने के हामीले असल कामहरु गर्नु आवश्यक छ ?

उत्तर : यसकारण कि खिष्टले हामीलाइ आफ्नो रगतले छुट्याउनु भएको छ उहाले हामीलाइ पवित्र आत्माद्धारा आफ्नै समानतामा पनि बनाउनु हुन्छ, ताकि हामी आफ्नो पूर्ण जिवनमा परमेश्वरलाइ उहाको आषिशको निम्ती धन्यबाद दिन सकौ अथवा हामीबाट महिमा पाउन सकोस र हामी सबै विश्वासको फलद्धारा उहामा निश्चित बन्न सकौ अनि हाम्रो असल चालचलनबाट हाम्रो छिमेकिहरुलाइ पनि खिष्टमा जित्न सकौ ।

रोमी ६:१२, १३, १२:१, २, १४:१९, १ पत्रुस २:५, ९, १२, ३:१, २, १ कोरिन्थी ६:१९-२०, मत्ती ५:१६, ७:१७-१८, २ पत्रुस १:१०, गलाती ५:६, २२-२४

प्रश्न ८७ : तिनीहरु जो निरन्तर पाप र घमण्डमा आफ्नो जिवन व्यतित गर्दछन् र परमेश्वरतिर फर्कदैनन्, तब के तिनीहरु बचाइने छैनन् ?

उत्तर : कदापी बचाइने छैनन् । पवित्र शास्त्रले सिकाउदछ कि कोहि पनि मूर्ति पुजक, व्यभिचारि, चोर, लालची, पियक्कड, गाली गर्नेहरु, डाका र यस्ता कार्य गर्नेहरु परमेश्वरको राज्यको हकदार बन्ने छैनन् ।

१ कोरिन्थी ६:९, १०, एफिसी ५:५, ६, १ यूहन्ना ३:१४, १५, गलाती ५:१९-२१

## प्रभुको दिन XXXIII

प्रश्न ८८ : साचो परिवर्तन अथवा मानिस परमेश्वरमा आउनुमा कति भाग छन् ?

उत्तर : दुई, पुरानो मनुष्यत्वको विनाश, नया जिवनमा जिइ उठ्नु ।

रोमी ६:१, ४-६, एफिसी ४:२२-२४, कलस्सी ३:५, ६, ८-१०, १ कोरिन्थी ५:७, ७:१०

प्रश्न ८९ : पुरानो मनुष्यत्वको विनाश भनेको के हो ?

उत्तर : हृदयमा गहिरो दुःख अनुभव गर्नु हो कि मैले मेरो पापबाट परमेश्वरलाइ दुखित तुल्याएको छु अनि धेरै भन्दा धेरै ति पापहरुलाइ घृणा गर्नुको साथै त्यसबाट टाढा भाग्नु हो ।

रोमी ८:१३, योएल २:१३, होशे ६:१, भजन संग्रह ५१:३, ८, १७, लूका १५:१८

प्रश्न ९० : नया मनुष्यत्वमा जिइ उठ्नु भनेको के हो?

उत्तर : यो भनेको हृदयमा खिष्टद्धारा परमेश्वरमा आनन्द हो, अनि प्रेम र प्रशन्ताद्धारा सबै असल कार्यहरुमा परमेश्वरको इच्छाअनुसार जिवन व्यतित गर्नु हो ।

रोमी ५:१, १४:७, १७, यशैया ५७:१५, रोमी ६:१०, ११, ३:१०-११, गलाती २:२०, १ पत्रुस ४:२, रोमी ७:२२

प्रश्न ९१ : तर असल काम भनेको के हो ?

उत्तर : केवल ति कार्यहरु जो परमेश्वरको व्यवस्था अनुसार अनि उहाको महिमाको निम्ती साचो विश्वासले गरिन्छ, ति कुराहरु होइन जो हाम्रो आफ्नो विचार अथवा मनुष्यको समक्ष र ज्ञानबाट गरिन्छ ।
रोमी १४:२३, लेवी १८:४, १ शमुएल १५:२२, एफिसी २:२, १०, १ कोरिन्थी १०:३१, यशैया २९:१३, मत्ती १५: ७-९, व्यवस्था १२:३२, गन्ती १५:३९, एज्रा २०:१८

## प्रभुको दिन XXXIV

प्रश्न ९२ : परमेश्वरको व्यवस्था के हो ?

उत्तर : परमेश्रले वचनमा बताउनु भएको छ, म तेरो यहोवा परमेश्वर हु जसले तलाई दासत्वको देश अर्थात् मिश्र देशबाट निकालि ल्याएको छु।

१- म बाहेक अरु कुनै देवी देवता नमान्नु ।

२- तैले आफ्नो निम्ती खोपेर कुनै मूर्ती नबनाउनु माथि आकाश अथवा तल पृथ्वी वा पानीमा भएको कुनै कुराको आकारको प्रति मूर्ति नबनाउनु, तिनिहरुको सामु ननिहुरिनु, तिनिहरुको पूजा नगर्नु किनकि म परम प्रभु तिमीहरु को डाह गर्ने परमेश्वर हु । मेरो अवहेलना गर्ने पिता पूर्खाको अधर्मको दण्ड उनीहरुका सन्तानहरुलाइ उनीहरुको तेस्रो र चौथो पुस्ता सम्म म दिनेछु । तर मलाइ प्रेम गर्ने र मेरो आज्ञाहरु पालन गर्नेहरुका हजारौ हजारौ पुस्ता माथि म कृपा गर्ने छु ।

३- तैले आफ्नो यहवा परमेश्वरको नाम व्यर्थमा नलिनु, किनकि यहवाको नाम व्यर्थमा लिनेलाइ यहवाले दण्ड नदिइ छोड्नु हुने छैन।

४- शबाथदिन पवित्र मान्नु पर्छ भनि याद राख्नु । ६ दिन सम्म परिश्रम गरेर आफ्नो सबै काम गर्नु तर सातौ चाही दिन परम प्रभु तिमिहरुको परमेश्वरको निम्ती शवाथ दिन हो। त्यसमा तिमीहरुले केही काम नगर्नु नत आफ्नो छोराले, न छोरीले, न कमारा कमारीले, न गाई वस्तुले, न मूल ढोका भित्र भएको परदेशीले केही काम गरोस । किनकी ६ दिनमा परम प्रभुले आकाश र पृथ्वी समुंद्र र तिनमा भएका सबै थोक बनाउनु भयो तर सातौ दिनमा चाहि विश्राम गर्नुभयो त्यसकारण परमेश्वरले शवाथ दिनलाई आषिश दिनु भयो र पवित्र तुल्याउनु भयो ।

५- तैले आफ्नो आमा, बुवाको आदर गर्नु कि जुन देश तिमीहरुका परमेश्वरले तिमीहरुलाइ दिनुहुन्छ त्यहा तिमीहरुको आयु लामो होस् ।

६- तैले हत्या नगर्नु ।

७- तैले व्यभिचार नगर्नु ।

८- तैले चोरी नगर्नु ।

९- आफ्नो छिमेकी को विरुद्धमा झुटो गवाही नदिनु ।

१०- तैले आफ्नो छिमेकीको घरको लालच नगर्नु, तैले आफ्नो छिमेकीको स्वास्नी, उसको दास, दासि, गोरु, गदाहा अथवा आफ्नो छिमेकीको कुनैपनि थोकको लालच नगर्नु ।

प्रस्थान २०:१-१७, व्यवस्था ५:६-२१

प्रश्न ९३ : यी आज्ञाहरुलाइ कसरी विभाजन गरिएको छ ?

उत्तर : दुई भागमा, पहिलो - हाम्रो व्यवहार परमेश्वर सित कस्तो हुनु पर्छ ।
दोस्रो - हाम्रो छिमेकी सित कस्तो व्यवहार हुनुपर्छ ।
प्रस्थान २०:१-१७, व्यवस्था ५:६-२१, प्रस्थान ३४:२८, २९, व्यवस्था ४:१३, १०:३, ४, मत्ती २२:३७-४०

प्रश्न ९४ : पहिलो आाज्ञामा परमेश्वर के चाहनुहुन्छ ?

उत्तर : परमेश्वर चाहनु हुन्छ कि जसरी म आफ्नो आत्माको उद्धारको लगाव राख्दछु त्यसरी नै म सबै मूर्ति पुजा तन्त्र विद्या, भविष्य बताउने, अन्धविश्वास अथवा यस्तै अन्यलाइ म पर सार्दछु । अनि म साचो परमेश्वरलाइ सत्यतामा मान्यता दिन्छु केवल उहामा नै भरोसा राख्दछु । उहामा नै सारा नम्रता र धैर्यता साथ समर्पण गर्दछु अनि आफ्नो सम्पूर्ण मनले उहालाइ प्रेम गर्छु, उहाको भय र आदर गर्दछु ।

१ यूहन्ना ५:२१, १ कोरिन्थी ६:१०, १०:७, १४, लेवी १९:३१, व्यवस्था १८:९, १०-१२, ६:२, ५, १०:२०, मत्ती ४:१०, प्रकाश १९:१०, २२:८, ९, यूहन्ना १७:३, यर्मिया १७:५, ७, हिब्रु १०:३६, कलस्सी १:११, रोमी ५:३, ४, १ पत्रुस ५:५-६, भजन संग्रह १०४:२६, १११:१०, यकूव १:१७, फिलिपि २:१४, यशैया ४५:७, मत्ती १०:२८, ५:२९, १०:३७, १५:१९, व्यवस्था ६:२, १०:२०, भजन संग्रह ११०:१०, १ कोरिन्थी १०:१०

प्रश्न ९५ : मूर्तिपूजा भनेको के हो ?

उत्तर : एक साचो परमेश्वर जसले वचनमा आफुले आफैलाइ प्रकट गर्नभएको छ उहा बाहेक अन्य कुनै परमेश्वर मान्नु अथवा उहाको स्थानमा कुनै अन्य थोकहरुमा भरोसा र विश्वास गर्नु हो ।

एफीसी ५:५, २:१२, १ इतिहास १६:२६, १२, फिलिपि ३:१८, १९, गलाती ४:८, १ यूहन्ना २:२३, २ यूहन्ना १:९, यूहन्ना ५:२३, भजन संग्रह ८१:८, ९, मत्ती ६:२४, ६२

## प्रभुको दिन XXXV

प्रश्न ९६ : दोस्रो आज्ञामा परमेश्वर के चाहनु हुन्छ ?

उत्तर : परमेश्वर चाहनुहुन्छ कि हामी कुनै पनि प्रकारले परमेश्वरको प्रतिमा नबनाओ, न त उहाको वचनमा दिएको आज्ञा विपरित कुनै प्रकारले आराधना गरोस ।

यशैया ४०:१८, १९:२५, व्यवस्था ४:१५, १६, २३, २४, १२:३०, रोमी १:२३, प्रेरित १७:२९, १ समएल १५:२३, मत्ती १५:९, रोमी ४:२४

प्रश्न ९७ : तब के हामी कुनै प्रकारको मूर्ती बनाउन सक्दैनौ ?

उत्तर : परमेश्वरको कुनै पनि प्रकारले कुनै पनि थोक हरुसित तुलना गर्न सकिदैन यदपि प्राणीहरु दृष्य रुपमा प्रतिनिधि हुन सक्छन् । तर पनि परमेश्वर हामीलाइ कुनै पनि मूर्ति बनाएर आराधना गर्न मनाहि गर्नुहुन्छ ।

यशैया ४०:२५, ४६:५, प्रस्थान ३४:१७, २३:२४, ३४:१३, १४, गन्ती ३३:५२, व्यवस्था ४:१५, १६, रोमी १:२०, व्यवस्था ७:५, यूहन्ना १:१८, २ राजा १८:४

प्रश्न ९८ : तर के मण्डलीमा मानिसहरुको निम्ती सिकाउनलाइ पुस्तकहरुलाइ प्रतिमा समान गर्न सकिन्छ ?

उत्तर : नाई, हामी परमेश्वर भन्दा बुद्धिमानी हुनु आवश्यक छैन परमेश्वर आफ्नो जनलाइ वेजान प्रतिमाहरु द्धारा सिकाउनु हुन्न तर आफ्नो जिवित वचन प्रचार बाट सिकाउनु हुन्छ ।

यर्मिया १०:८, १०, हवकुक २:१८, १९, रोमी १०:१४, १५, १७, २ पत्रुस १:१९, २ तिमोथी ३:१६, १७

## प्रभुको दिन XXXVI

प्रश्न ९९ : तेस्रो आज्ञामा के गर्नु आवश्यक छ ?

उत्तर : तेस्रो आज्ञामा आवश्यक छ कि हामी श्राप, झुटो गवाही, न त अनावश्यक कसम हामीले खानु हुदैन, यसो गर्नाले परमेश्वरको नाउको निन्दा र घृणा गरेको ठहरिन्छ । तर चुप लागेर नदेखे झै अर्काको पापमा सामेल हुनु पनि होइन तर छोटकरीमा हामी उहाको नाउ भय र आदरको साथ लिन्छौ ताकि हामी द्धारा साचो अंगिकार र आराधना पाएर हाम्रो सबै कुराहरु र कार्यहरुबाट उहालाइ महिमा होस ।

लेवी २४:१५, १६, १९:१२, मत्ती ५:३७, याकुव ५:१२, लेवी ५:१, ४, हितोपदेश २९:२४-२५, यर्मिया ४:१, यशैया ४५:२३, मत्ती १०:३२, रोमी २:२४, १०: ९, १०, भजन संग्रह ५:१, ५०:१४, १५, १ तिमोथी २:८, ६:१, कलस्सी ३:१७, १ पत्रुस ३:१५

प्रश्न १०० : त्यसो भए परमेश्वरको नाउको कसम खानु अनि निन्दा गर्नु यति धेरै गम्भीर र घृणित पाप हो कि उसले आफुले त गर्दैन तर अरुले गरेको पनि रोक्दैन भने पनि उहाको कोध उसको विरुद्धमा पर्छ ?

उत्तर : अवश्य नै परमेश्वरको नामलाइ अपवित्र तुल्याउनु भन्दा ठुलो पाप अरु केही पनि छैन यसकारण उहाले आाज्ञा दिनु भएको छ कि यस पापको दण्ड मुत्यु हो ।

हितोपदेश २९:२४-२५, लेवी ५:१, २४:१५-१६, १९:१२

## प्रभुको दिन XXXVII

प्रश्न १०१ : के हामी उचित तरिकाले परमेश्वरको नाउको सपथ लिन सक्दैनौ ?

उत्तर : सक्छौ, न्यायको निम्ती मानिसहरुको अघि सक्दछौ अथवा सत्यको पुष्टि गर्न आवश्यक छ भने हामी सपथ खान सक्छौ अनि परमेश्वरको महिमा र छिमेकीहरुको भलाइको लागि यसप्रकारको सपथ खान परमेश्वरको वचन अनुकुल छ यसकारण पुरानो र नया नियममा सन्तहरु द्धारा सहि प्रकारले सपथ खाएको हामी पाउछौ ।

व्यवस्था ६:१३, १०:२०, यशैया ४८:१, हिब्रु ६:१६, उत्पत्ति २१:२४, ३१:५३, यहोशु ९:१५, १ शमुएल २४:२३, २ शमुएल ३:३५, रोमी १:९, ९:१, २ कोरिन्थी १:२३, १ राजा १:२९

प्रश्न १०२ : के हामी सन्तहरु तथा अन्य प्राणिहरुको पनि सपथ लिन सक्छौ ?

उत्तर : अह, परमेश्वरको नाम लिनु नै उचित सपथ हो किनभने त्यहि नै हृदयको खोजी हो कि सच्चाइको साक्षी दिन सकौ अनि मलाइ दण्डीत गर्न सकोस यदि मैले झुटो सपथ लिए भने यो सम्मान कुनै अन्य प्राणीहरुमा दिएको छैन ।

२ कोरिन्थी १:२३, २९, ९:१, मत्ती ५:३४-३६, याकुव ५:१२, यर्मिया ५:७, यशैया ६५:१६

## प्रभुको दिन XXXVIII

प्रश्न १०३ : परमेश्वरको चौथो आज्ञामा के चाहनु हुन्छ ?

उत्तर : पहिलो- सु समाचार अनि विद्यालयको सेवाको देख भाल होस अनि विशेष गरि विश्राम दिनमा मण्डलीमा उपस्थित भएर परमेश्वरको वचन सिक्ने छु, संस्कारहरुमा सामेल हुनेछु, प्रभुको नाम सबैको अघि लिने छु र मसिही दान दिने छु,

दोस्रो- आफ्नो सम्पूर्ण जिवनकालमा आफ्नो सबै नकारात्मक कामहरुबाट विश्राम पाउने छु, पवित्र आत्माद्धारा प्रभुलाइ म मा काम गर्न दिने छु यसप्रकारले यस जिवनमा अनन्त विश्रामको सुरुवात गर्ने छु ।

एफीसी ६:१, २, ५, ६:९, ४, ५:२२, कलस्सी ३:१८, २०, २२, हितोपदेश १:८, ४:१, १५:२०, प्रस्थान २१:१७, २३:२२, उत्पत्ति ९:२४, मत्ती २:१८, २२:२१, व्यवस्था १२:१९, तिटस १:५, १ तिमोथी ३:१४-१५, १ कोरिन्थी ९:११, २ कोरिन्थी २:२, १ तिमोथी ३:१५, २:१, १६:२, लेवि २३:३, प्रेरित २:४२, ४६, १ कोरिन्थी १४:१९, २९, ३१, ११:३३, यशैया ६६:२३, गलाती ६:६, भजन संग्रह ४०:१०-११, हिब्रु ४:९-१०, प्रेरित २०:७, भजनसंग्रह ६८:२६

## प्रभुको दिन XXXIX

प्रश्न १०४ : पाचौ आज्ञामा परमेश्वर के चाहनु हुन्छ ?

उत्तर : परमेश्वर चाहनु हुन्छ कि म आफ्नो आमा बुवा अनि जो मेरो माथि आधिकारीक हुनु हुन्छ सबैलाइ पूर्ण सम्मान, प्रेम अनि विश्वास योग्यता प्रदान गरौ अनि उहाहरुको सहि शिक्षा अनि सुधारलाइ आफ्नो आज्ञाकारिता बाट उनीहरुलाइ समर्पण गरौ, किनकि परमेश्वर उहाहरु द्धारा हामीमा प्रभुत्व गर्न आनन्दित हुनु हुन्छ ।

एफीसी ६:१-२, २२, १ तिमोथी ५:१७, हिब्रु १३:१७-१८, १ पत्रुस २:१८, रोमी १३:१, २, ७, हितोपदेश १:८-९, १ ३:२४, ४:१, ५:२०, २०:२०, प्रस्थान २१:१७, उत्पत्ति ९:२४-२५, लेवी २७:१६, ३२:३४, एफीसी ६:१-२, ५:२२, ६: ५-६, रोमी १:२०, १३:१-८, कलस्सी ३:१९, २१, मत्ती २२:२१

## प्रभुको दिन XL

प्रश्न १०५ : परमेश्वर छैठौ आज्ञामा के चाहनु हुन्छ ?

उत्तर : परमेश्वर चाहनु हुन्छ कि मैले न विचारमा न त शब्द तथा भावनाहरुमा न कार्यहरुमा आफ्नो छिमेकीको घृणा नगरौ, न नोक्सान न हत्या गरौ । न त आफैले न अरु कसैबाट, तर बदलाको हर भावनाहरुलाइ आफूबाट टाढा गरेर म आफैले अरुलाइ हानि पुऱ्याउने छैन न त जानी बुझेर कुनै खतरामा उनीहरुलाइ पार्ने छैन, यस कारण न्यायधिशको हातमा तरवार दिएको छ कि हत्या हुने कार्यलाइ रोकोस ।

मत्ती ५:२१-२२, ५, ३९-४०, ४:५-७, ५:१५, १८:३५, २६:५२, १८:६-७, हितोपदेश १२:१८, एफिसि ४:२६, रोमी १ २:१९, कलस्सी २:२३, उत्पत्ति ९:६, यूहन्ना १:१९, प्रस्थान २१:१४, रोमी १३:१४,

प्रश्न १०६ : तर यस आज्ञामा आभास हुन्छ कि यहा केवल हत्याको मात्रै कुरा गरिएको छ ?

उत्तर : हत्या गर्नु मनाही छ परमेश्वर सिकाउनु हुन्छ किनकि उहा हत्याको कारण जस्तै ईष्या, घृणा, क्रोध, बदलाको इच्छालाइ पनि उहा घृणा गर्नु हुन्छ अनि यो सबै कुराहरुलाइ हत्याको समान मान्नु हुन्छ ।

याकुव १:१९-२०, २:१३, ३:१६, गलाती ५:२०, रोमी १:२९, २९-३२, १ यूहन्ना २:९-११, ३:१५

प्रश्न १०७ : के यो प्रयाप्त छैन के हामी कुनै प्रकारले आफ्नो छिमेकीको हत्या गर्दैनौ ?

उत्तर : होइन जब परमेश्वर ईर्ष्या, घृणा, अनि क्रोध गर्न मनाही गर्नुहुन्छ अनि आज्ञा दिनुहुन्छ कि हामी आफ्नो छिमेकीलाइ आफु समान प्रेम गरौ उनीहरु प्रति धैर्य,शान्ति, दिनता, करुणा अनि दया प्रकट गरौ अनि उनीहरु लाइ नोक्सानबाट बचाऔ जसरी आफुले आफुलाइ बचाउदछ यहा सम्म कि आफ्नो दुस्मनको पनि भलाइ गर्नु ।

मत्ती २२:३९, ७:१२, ५:५, ७, ४५, रोमी १२:१०, एफिसी ४:२, गलाती ६:१-२, रोमी १२:१८, १२:२०-२१, १०, लूका ६:३६, कलस्सी ३:१२-१४, मत्ती ५:९

## प्रभुको दिन XLI

प्रश्न १०८ : सातौ आज्ञामा के सिकाउनु हुन्छ ?

उत्तर : सातौ आज्ञाले सिकाउदछ कि सबै अशुद्धता व्यभिचार, कामुकता परमेश्वरको तर्फबाट श्रापित छ अनि यसकारण हामी हृदय देखि नै यसलाइ घृणा गरौ अनि यस बाट टाढा रहौ अनि विवाहमा र बाहिर दुवै ठाउमा एक पवित्र अनि सन्तुष्टिको जिवन जिऔ ।

१ थिस्लोनीकी ४:३-५, हिब्रु १३:४, १ कोरिन्थी ७:४९, ७:१-४, लेवी १८:१७, व्यवस्था २९:२०-२३, यहुदा १: २२-२३,

प्रश्न १०९ : के परमेश्वर यस आज्ञामा व्यभिचार अनि घोर पापको अतिरिक्त अरु कुनै पनि कुरामा मनाही गर्नु हुन्न ?

उत्तर : जब कि हाम्रो शरिर र आत्मा दुवै परमेश्वरको मन्दिर हो उहाको इच्छा छ कि हामी दुवैलाइ शुद्ध र पवित्र राखौ, यसकारण उहा सबै कामुकताको कार्यहरु, भावनाहरु, कुराहरु, विचारहरु, अनि इच्छाहरु सबै जसले त्यस्तो कुरामा प्रोत्साहन गर्दछ ति सबैलाइ मनाही गर्नुहुन्छ ।

एफिसी ५:३-४, १ कोरिन्थी ६:१८-२०, एफीसी ५:१८-१९, १ कोरिन्थी १५:३३, मत्ती ५:२७-३०

## प्रभुको दिन XLII

प्रश्न ११० :परमेश्वरले आठौ आज्ञामा के मनाही गर्नु भएको छ ?

उत्तर : परमेश्वर केबल चोरी र डकैतीलाइ मात्रै मनाही गर्नुहुन्न जो न्यायलयबाट दण्डित गरिन्छ । तर सबै अनुचित चलाकि जसले हामीलाइ आफ्नो छिमेकीको सम्पत्ति हासिल गर्न चाहन्छ चाहे ताकतले होस अथवा आफ्नो अनुचित अधिकार देखाएर अनि अनुचित जस्तै अनुचित तौल नाप अनि माल, नक्कली रुपैया, अधिक व्याज अथवा अरु कुनै माध्यम सबै उहाको निम्ती चोरी जस्तै हो अनि परमेश्वरद्धारा यस्ता कार्यहरु मनाही गरिएको छ । त्यसरी नै उहाले दिनुभएको उपहार र आषिशहरुको गलत र व्यर्थ प्रयोग पनि चोरी हो ।

१ कोरिन्थी ५:१०, ६:१०, लूका ३:४१, १ थेस्लोनिकी ४:६, हितोपदेश ५:१०, १०:१, व्यवस्था २५:१३, भजन संग्र ह १५:५, लूका ६:३५ १ तिमोथी ६:१०, यूहन्ना ६:१२, लूका ३:१४, हितोपदेश ११:१, १६:१

प्रश्न १११ : तर परमेश्वर यस आज्ञामा तपाइ बाट के चाहनु हुन्छ ?

उत्तर : उहा चाहनुहुन्छ कि म आफ्नो छिमेकी को लागि जे गर्न सक्छु सो गरौ अनि उनीहरुसित यस्तो व्यवहार गरौ जस्तो कि मलाइ अरुले गरेको चाहन्छु अनि इमान्दारी साथ परिश्रम गरौ जसबाट म आवश्यकतामा परेकाहरु लाइ मद्दत गर्न सकौ ।

मत्ती ७:१२, हितोपदेश ५:१६, एफीसी ४:२८, फिलिपी २:४, उत्पत्ति ३:१९, १ तिमोथी ६:६-७

## प्रभुको दिन XLIII

प्रश्न ११२ : नवौ आज्ञामा के आवश्यक छ ?

उत्तर : नवौ आज्ञामा आवश्यक छ कि मैले कसैको विरुद्धमा पनि झुटो गवाही दिनु हुदैन, कुनै पनि कुरालाइ तोड मोड गरेर नभन्नु पिठ्यू पछाडी नराम्रो निन्दा नगरौ कसैको पनि न्याय अथवा केहि पनि नसुनिकन कसै माथि दोष लगाउनको लागि हतार गर्नु हुदैन तर सबै प्रकारको झुट अनि धोकालाइ सैतानको काम सम्झेर टाढा रहौ अन्यथा म आफैमाथि परमेश्वरको क्रोधलाइ निम्त्याउने छु यस्तै प्रकारले सबै न्याय र अन्य कुराहरुमा म

सत्यसित प्रेम राखौ यसलाइ न्यायको निम्ती भनौ र अंगिकार गरौ अनि जहा सम्म मेरो लागि सम्भव छ म आफ्नो छिमेकीको सम्मानको रक्षा र वढाइ गरौ ।

हितोपदेश १९:५, ९, १२:२२, २१:२८, भजन संग्रह १५:३, रोमी १:२८-३०, मत्ती ७:१-२, लूका ६:३७, लेवी १९:१०, हितोपदेश १३:५, १ कोरिन्थी १३:६, एफिसी ४:२५, १ पत्रुस ४:८, २:२१-२३, ३:९, कलस्सी ४:६, यूहन्ना ७:२४-२५

## प्रभुको दिन XLIV

प्रश्न ११३ : दशौ आज्ञाले हामीबाट के चाहन्छ ?

उत्तर : दशौ आज्ञा चाहन्छ कि परमेश्वरको आज्ञाको विरुद्धमा कुनै सानो कुरा अथवा विचार कहिल्यै पनि हाम्रो हृदयमा आउनु हुदैन तर सधै हाम्रो पूर्ण हृदयले पापलाइ घृणा गरौ अनि सबै धार्मिकतामा आनन्दित रहौ ।

रोमी ७:७-८..., हितोपदेश ४:२३, याकुव १:१४ -१५, मत्ती १५:११, १९-२०

प्रश्न ११४ :तर पनि के तिनिहरु जो परमेश्वरका लागि परिवर्तन भइ सकेका छन् के यी आज्ञा हरुलाइ तिनीहरुले पुरा गर्न सक्छन् ?

उत्तर : सक्दैनन्, तर अत्यन्त पवित्र मानिस पनि यस जिवनमा केवल आज्ञाकारिताको सानो सुरुवात मात्रै गर्दछ अव त तिनीहरु केबल थोरै मात्र होइन तर परमेश्वरको सबै आज्ञा अनुसार राम्रो उद्देश्यको साथमा जिवन जिउन सुरु वात गर्दछ ।

रोमी ७:१४, २२, १५, याकुव ३:२, २:१०-११, अय्युव ९:२-३, भजन संग्रह १९:१३, १ यूहन्ना १:८, १ कोरिन्थी १३:९, भजन संग्रह १:२

प्रश्न ११५ : तब के परमेश्वरले यि दश आज्ञाहरुलाइ यति कठोरता साथ प्रचारित गर्नुभयो जबकि यस जिवनमा कसैले पनि यसलाइ पुरा गर्न सक्दैन ?

उत्तर : **पहिलो कारण** ताकि हामी आफ्नो पूर्ण जिवन कालमा धेरै भन्दा धेरै आफ्नो पाप स्वभाव लाइ जान्न सकौ अनि येशूमा पापबाट छुटकारा र धार्मिकताको खोजी होस ।

**दोस्रो कारण** हामी परमेश्वर संग पवित्र आत्माको अनुग्रहको लागि निरन्तर धन्यबाद र प्राथना गर्न सकौ, कि धेरै भन्दा धेरै परमेश्वरको समानतामा नया हुदै जाऔ तब सम्म जब सम्म जिवन पछि हामी सिद्धताको उद्देश्यसम्म पुग्दैनौ ।

१ यूहन्ना १:८, ९, रोमी ३:२०, ५:१३, ७:७, २४, २५, १ कोरिन्थी ९: २४, २५, फिलिपि ३:१२, १२-१४, मत्ती ५:६, भजन संग्रह ५१:१२, ३२:५

## प्रभुको दिन XLV

प्रश्न ११६ : विश्वासीहरुको निम्ती प्राथना गर्न किन आवश्यक छ ?

उत्तर : किनकि प्राथना धन्यबादिताको मुख्य भाग हो । जो परमेश्वर हामी बाट चाहनु हुन्छ किनकि परमेश्वर आफ्नो अनुग्रह र पवित्र आत्मा केवल उनीहरुलाइ दिनु हुन्छ जो चूर्ण हृदय र इच्छाले निरन्तर उहासँग माग्दछ अनि त्यसको निम्ती परमेश्वरलाइ धन्यवाद दिदछ ।

भजन संग्रह ५०:१४, १५, मत्ती ७:७, ८, १३:१२, लूका ११:९, १३, एफिसी ६:१८, १ थिस्लोनिकी ५:१७

प्रश्न ११७ : यस्तो प्राथना जसमा परमेश्वर आनन्दित बन्नुहुन्छ र सुन्नु हुन्छ, त्यसमा के हुन्छ ?

उत्तर : पहिलो - हामी हृदयले केवल एक साचो परमेश्वरलाइ पुकारौ जसले आफैलाइ वचनमा प्रकट गर्नु भएको छ सबै कुराहरुलाइ उसको इच्छा अनुसार माग्नको लागि उहाले हामीलाइ आज्ञा दिनु भएको छ ।

दोस्रो - हामी सही प्रकारले आफ्नो आवश्यकता र दु:ख जानौ, ताकि हामी आफुले आफैलाइ उहाको गौरबसाली मुहारको सामु आफैलाइ नम्र गर्न सकौ ।

तेस्रो - ताकि हामी दृढताका साथ आश्वस्त हुन सकौ कि हामी यसको योग्य छैनौ तर पनि खिष्ट हाम्रो प्रभुको कारण उहा हाम्रो प्राथना अवश्य नै सुन्नु हुन्छ जसरी उहाले आफ्नो वचनमा वाचा गर्नु भएको छ ।

यूहन्ना ४:२२-२४, रोमी ३:२६, १०:१३, १४, १ यूहन्ना ५:१४, भजन संग्रह १४५:१८, २:१०, ११, १४३:१, २७:८, ३४:१८, १९, यशैया ६६:२, रोमी ८:१५, १६, याकुव १:६ मत्ती ७:८, लूका १८:१३, २ इतिहास २०:१२, दानियल ९:१७, १८

प्रश्न ११८ : परमेश्वरले हामीलाइ के माग्नको निम्ती आज्ञा दिनु भएको छ ?

उत्तर : सबै थोकहरु जो प्राण र शरिरको लागि आवश्यक छ जसलाइ हाम्रो प्रभुले त्यो प्राथनामा समावेश गर्नु भएको छ जो उहाले स्वयम सिकाउनु भएको थियो याकुव १:१७, मत्ती ६:९, १०, लूका ११:२, मत्ती ६:३३, १ पत्रुस ५:७, फिलिपि ४:६

प्रश्न ११९ : प्रभुको प्राथना के हो ?

उत्तर : प्रभुको प्राथना-

हे हाम्रा पिता जो स्वर्गमा बस्नु हुन्छ,
तपाइको नाउ पवित्र गरि होस,
तपाइको राज्य आओस,
तपाइको इच्छा स्वर्गमा झै यस पृथ्वीमा पुरा होस ।
हाम्रो दिनभरिको रोटी आज हामीलाइ दिनुहोस
अनि हाम्रो अपराध क्षमा गरिदिनुहोस जसरी हामीले पनि आफ्ना अपराधीहरु लाइ क्षमा गरेका छौ,
हामीलाइ परिक्षामा पर्न नदिनुहोस तर दुष्टबाट बचाउनुहोस ।
किनभने राज्य, पराक्रम र महिमा सदा सँबदा तपाइकै हुन् - आमिन
मत्ती ६:९-१३, लूका ११:२-४

## प्रभुको दिन XLVI

प्रश्न १२० :किन ख्रिष्टले हामीलाइ आज्ञा दिनुभएको छ कि हामी परमेश्वरलाइ हाम्रो पिता भनेर बोलाउन सक्छौ ?

उत्तर : ताकि हामी प्राथनाको सुरुवातमा यस कुरालाइ बुझ्न सकौ कि परमेश्वर प्रति बच्चा समान आदर अनि भरोसा हाम्रो प्राथनाको आधार हुनुपर्दछ अथवा येशूद्धारा परमेश्वर हाम्रो पिता बन्नुभएको छ अनि हाम्रो संसारिक आमा, बुवाले हामीलाइ संसारिक थोकहरुबाट मनाही गर्न सक्नु हुन्छ, त्यसको तुलनामा उहा हामीलाइ धेरै कम सायदै मनाही गर्नु हुन्छ जुन थोक उहासित हामी विश्वासले माग्दछौ ।

मत्ती ६:९, ७-११, लूका ११:११-१३, यशैया ४९:१५, ६३:१६, १ पत्रुस १:१७

प्रश्न १२१ : "तपाइ जो स्वर्गमा हुनुहुन्छ" किन लेखिएको वा भनिएको हो ?

उत्तर : यसकारण कि हामीलाइ परमेश्वरको स्वर्गीय महिमाको कुनै संसारिक विचार नहोस अनि उहाको असिमित सामर्थ्यले सब थोकहरु जो शरिर र प्राणको लागि आवश्यक छ ती प्राप्त गर्नका लागि आशा राख्न सकौ ।

यर्मिया २३:२३, २४, प्रेरित १७:२४, रोमी १०:१२, १ राजा ८:२८, भजन संग्रह ११५:३

## प्रभुको दिन XLVII

प्रश्न १२२ : पहिलो विन्ती के हो ?

उत्तर : **तपाइको नाउ पवित्र गरिहोस -** यसको अर्थ हामीलाइ योग्यता दिनुहोस ताकि हामी तपाइ लाइ सहि प्रकारले बुझ्न सकौ अनि सबै कार्यहरुद्धारा तपाइको पवित्रता, महिमा अनि स्तुति गर्न सकौ जसबाट तपाइको सामर्थ्य, बुद्धि, भलाइ, न्याय, करुणा अनि सच्चाइको चमक फैलिन सकोस अनि हामी आफ्नो पूर्ण जिवन, विचार, शब्द अनि कार्यहरुलाइ यस किसिमले व्यवस्थित अनि निर्देशित गर्न सकौ कि हाम्रो कारण तपाइको नाउको निन्दा होइन तर आदर अनि स्तुति होस ।

मत्ती ६:९, १६:१७, यूहन्ना १७:३, यर्मिया ९:२३, २४, याकुव १:५, भजन संग्रह ११९:१३७, १३८, १४५:८, ९, ११ ५:१, ७१:८, १००:३, ४, ९२:१, २, लूका १:४६, एफिसी १:१६, १७, रोमी ११:३३-३६

## प्रभुको दिन XLVIIII

प्रश्न १२३ : दोस्रो विन्ती के रहेको छ ?

उत्तर : **तपाइको राज्य आओस ।** अर्थात तपाइ आफ्नो वचन र आत्माद्धारा हामी माथि यस्तो प्रभुत्व गर्नु होस कि हामी धेरै भन्दा धेरै तपाइको निम्ती समर्पित हुन सकौ । आफ्नो मण्डली सुरक्षित राख्न अनि बृद्धि गर्नु होस, सैतानको

कार्यहरु एवम् सामर्थ्य जो तपाइको विरुद्ध आफुले आफैलाइ सम्मान दिन्छ अनि तपाइको वचनको विरुद्ध दुष्ट योजना बनाउदछ त्यसलाइ नाश गर्न सकौ जबसम्म तपाइको राज्य पूर्ण स्थापित हुदैन।

मत्ती ६:१०, भजन संग्रह ११९:५, १०२:१२, १३, १२२:६, ७, १४३:१०, ५१:१८, १ यूहन्ना ३:८, रोमी १६:२० प्रकाश २२:१७, २०, ११:१५, हिब्रु १२:२८, १ कोरिन्थी १५:१५, २८

## प्रभुको दिन XLIX

प्रश्न १२४ : तेस्रो विन्ती के हो ?

उत्तर : **तपाइको इच्छा स्वर्गमा झै यस पृथ्वीमा पुरा होस ।** अर्थात शक्ति दिनुहोस कि हामी अनि सबै मानव जाति आफनो इच्छालाइ इन्कार गर्न सकौ अनि विना इन्कार तपाइको आज्ञा मान्न सकौ, जो एक मात्र सत्य कुरा हो ताकि सबै आफ्नो अधिकार र बोलावटको कर्तव्यलाइ स्वइच्छा र इमान्दारी सित पुरा गर्न सकौ जसरी स्वर्गमा स्वर्ग दूतहरुले गर्दछन् ।

मत्ती ६:१०, २४, १६:२४, तिटस २:१२, लूका २२:४२, १ कोरिन्थी ७:२४, एफिसी ४:१, भजन संग्रह १ ४३:२०, १०३:२०, २१, रोमी १२:२, हिब्रु १३:४

## प्रभुको दिन L

प्रश्न १२५ : चौथो विन्ती के छ ?

उत्तर : **हाम्रो दिनभरिको रोटी आज हामीलाइ दिनुहोस ।** अर्थात हाम्रो सबै शारिरिक आवश्यकतालाइ पुरा गरेर आनन्दित हुन सकौ कि यसबाट हामी तपाइलाइ सारा आषिशको स्रोत स्वीकार गर्न सकौ अनि आदर गर्न सकौ कि तपाइ विना हाम्रो देखरेख परिश्रम कुनै लाभको हुदैन अनि यस प्रकारले हामी हाम्रो भरोसा अरु प्राणी र मानिसहरुबाट हटाएर केवल तपाइमा राख्न सकौ ।

मत्ती ६:१९, भजन संग्रह १४५:१५, ६:२५, २६, १२७:१, २, ६२:११, ५५:२२, ३७:३-७, १६, १७, १४६:२, ३, प्रेरित १ ७:२५, १४:१७, १ कोरिन्थी १५:५८, लेवी ८:३, प्रेरित १७:२७, २८, यर्मिया १७:५, ७

## प्रभुको दिन LI

प्रश्न १२६ : पाचौ विन्तीमा के छ ?

उत्तर : **हाम्रो अपराध क्षमा गरिदिनु होस जसरी हामीले पनि हाम्रा अपराधीहरुलाइ क्षमा गरेका छौ ।**

अर्थात ख्रिष्टको रगतको कारण हामी दुखी पापीहरु माथि हाम्रो पाप अनि ति खरावी जो सधै हामी सित रहको छ ती सबैको बोझ तपाइ हामी माथि हाल्नुहुन्न जब हामी तपाइको यस अनुग्रहलाइ प्राप्त गर्दछौ तब हाम्रो उद्देश्य छ कि हामी आफ्नो छिमेकीलाइ हृदय देखि नै क्षमा गरौ ।

भजन संग्रह ५१:१-४, ५-७, १४३:२, १ यूहन्ना २:१, २, मत्ती ६:१४, १५, एफिसी १:७, रोमी ८:१

## प्रभुको दिन LII

प्रश्न १२७ : छैठौ विन्ती (प्रथाना) के हो ?

उत्तर **: हामीलाइ परिक्षामा पर्न नदिनुहोस तर दुष्टबाट छुट्याउनुहोस ।** अर्थात हामी आफैमा अत्यन्त कमजोर छौ कि हामी एकछिन पनि स्थिर रहन सक्दैनौ अनि यस बाहेक हाम्रो शत्रु शैतान संसार अनि हामी स्वयमको पाप हामी माथि आक्रमण गर्दछ, यसकारण हामी आफ्नो पवित्र आत्माको सामर्थ्यले समाल्न, सुरक्षा अनि शक्ति दिनमा आनन्दित हुनु होस ताकि हामी यस आत्मिक युद्धमा नहारौ तर सधै यसलाइ दृढता सहित विरोध गर्दै रहौ अन्तत हामी पूर्ण विजयी हुन सकौ ।

मत्ती ६:१३, २६:४१, रोमी ८:२६, ७:२३, भजन संग्रह १०३:४, १४, १५, १ पत्रुस ५:८, ९, एफिसी ६:१२, १३, यूहन्ना १५:१९, गलाती ५:१७, मर्कुस १३:१३, १ थिस्लोनिकी ३:१३, ५:२३, २४ यूहन्ना १५:५

प्रश्न १२८ : तपाइ आफ्नो प्राथनाको समापन कसरी गर्नुहुन्छ ?

उत्तर : **किनभने राज्य पराक्रम र महिमा सदा सर्बदा तपाइकै हुन ।** अर्थात हामी यी सब तपाइसित माग्दछौ किनकि तपाइ हाम्रो राजा हुनुहुन्छ जसको साथमा सबै थोकको प्रभुत्व र सामार्थ्य छ जो चाहनुहुन्छ र योग्य हुनुहुन्छ कि हामीलाइ सबै असल थोकहरु दिन, यसकारण हाम्रो होइन तर तपाइको नामको महिमा सदा सर्बदै भइरहोस ।

मत्ती ६:१३, रोमी १०:११, १२, २ पत्रुस ५:८, ९, १ यूहन्ना १४:१३, भजन संग्रह ११५:१, फिलिपि ४:२०, यर्मिया ३३:८

प्रश्न १२९ : आमेन शब्दको अर्थ केहो ?

उत्तर : आमेन शब्दको अर्थ हुन्छ - यो सत्य अनि निश्चय नै पुरा हुनेछ किनकि मेरो प्राथना मेरो हृदयमा सोच्न भन्दा अघि निश्चयता साथ परमेश्वरले सुन्नु भएको छ ।

२ कोरिन्थी १:२०, २ तिमोथी २:१३, भजन संग्रह १४५:१८, १९